# जातक कथा



प्रकाश वज्राचार्य

Downloaded from http://dhamma.digital

# धर्मकीर्ति प्रकाशन

## ( नेपाली भाषा )

(१) बौद्ध प्रश्नोत्तर
(२) बौद्ध दर्शन
(३) नारी हृदय
(४) बुद्ध शासनको इतिहास
(५) पटाचारा
(६) ज्ञानमाला
(७) बुद्ध र वहाँको विचार
(८) शान्ति
(९) बौद्ध ध्यान
(१०) पञ्चशील
(११) लक्ष्मी
(१२) उखानको कथा संग्रह
(१३) बौद्ध जगतमा स्वास्थ्य सेवा
(१४) मिलिन्द प्रश्न
(१५) श्रमण नारद
(१६) वेस्सन्तर जातक
(१७) सतिपट्ठान भावना
(१८) बौद्ध विश्वास भाग-१, २
(२०) बौद्ध दर्पण
(२१) सप्तरत्न धन
(२२) सफलताको रहस्य
(२३) मानव महामानव
(२४) निरोगी
(२५) जातक कथा

## Dharmakirti Publication—

## ( English )

1. Buddhist Economics & The Modern World
2. Dharmakirti Vihar Today
3. Dharmakirti Vihar
4. Dharmakirti in a Nutshell

Downloaded from http://dhamma.digital

# जातक कथा

लेखक

प्रकाश वज्राचार्य

Downloaded from http://dhamma.digital

प्रकाशक–

धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी

धर्मकीर्ति विहार, श्रीघः

काठमाडौं, नेपाल

फोन – २–२४५९५

बुद्ध सं. २५३१
वि. सं. २०४४
ने. सं. ११०७
ई. सं. १९८७

प्रथम संस्करण २०००

मुद्रक–

नेपाल प्रेस

शुक्रपथ, काठमाडौं ।

फोन– २२१०३२

Downloaded from http://dhamma.digital

# मेरो भन्नु

विश्वका महानतम रचनाहरूमा बौद्ध जातक कथाले पनि शिर्ष स्थान ओगटेको छ। परम्परा अनुसार जातक कथाहरूलाई भगवान् बुद्धका पूर्वजन्म वृतांत मानिने गर्छन्। जातक कथाको महत्व नैतिकशिक्षा, सच्चरित्रता र बुद्धि विकासको दृष्टिकोणले अद्वितीय छन्। ऐतिहासिक दृष्टिकोणले पनि जातक कथाको त्यति नै महत्व छ। जातक कथा आफैंमा कति ऐतिहासिक हो भन्ने विषय विवादास्पद भएता पनि जातक कथाद्वारा तत्कालिन समाजमा प्रचलित कथा किंवदन्तिहरू, धारणा र जनविश्वासहरू, संस्कृति र रहनसहनहरू, भौगोलिक र आर्थिक अवस्थाहरूको अध्ययन गर्नमा ठूलो योगदान दिएकोमा दुई मत हुन सक्दैन।

नैतिक र सामाजिक शिक्षाको लागि जातक कथाहरू आदर्श छन्। प्रायः सबै जातक कथाहरू सुखान्त छन् र सबैमा एक प्रमुख भूमिका निभाउने नायक पनि। हितोपदेश, पंचतन्त्र र ईसप्का प्रसिद्ध कथाहरूको मूल पनि हामी जातक कथामा पाउँछौं। मनोरञ्जक, शिक्षाप्रद र ज्ञानप्रदक कथाहरूको संकलन हो जातक कथा। हरेक कथामा नायक भूमिका निभाउने व्यक्ति बोधिसत्व (भविष्यमा बुद्ध हुने) मानिएको छ।

Downloaded from http://dhamma.digital

जातक कथाहरूको निश्चित संख्या स्पष्ट छैन। सामान्यत थेरवाद परम्परामा ५५० कथाहरू भएका मानिन्छन्। मूल त्रिपिटकको जातकमा सूत्रहरू मात्रै छन्। वर्तमान विस्तृत जातक कथाहरू बुद्धभन्दा धेरै वर्ष पछि मात्रै रचिएका थिए। पारंपरिक कथाहरूलाई मैले आफ्नै शैलिमा ढालेर प्रस्तुत गर्दैछु। यी कथाहरूको मूल श्रोत हिन्दी साहित्य सम्मेलन, प्रयागद्वारा प्रकाशित "जातक" (१ देखि ६ भाग सम्म), अनुवादक भदन्त आनन्द कौशल्यायन, हो।

यी कथाहरू धर्मकीर्ति पत्रिकामा क्रमिकरूपमा प्रकाशित भइसकेका हुन्। तिनीहरूलाई नै संकलन गरी पुस्तकको रूप दिइएको हो। यी सबै कथाहरूलाई पुनरावलोकन गरी एक-रूपता ल्याउने र बढी रोचक बनाउने मेरो धोको समयको अभावले पूरो गर्न सकिएन। विशेषतः सबै कथाहरूलाई उपयुक्त शिर्षक दिन चाहन्थे म। तर अफशोच समयाभावको कारणले !!

धर्मकीर्तिमा प्रकाशित श्रृंखलाबद्ध जातक कथाहरूलाई पुस्तकको रूपमा प्रकाशित गर्ने धर्मकीर्ति प्रकाशन प्रति म आभारी छु। लेख र पुस्तक लेखनको लागि समय निकाल्न लगाई बारम्बार उत्साहित गर्दै आउनु भएका पूज्य भिक्षु अश्वघोष र अनगारिका धम्मवतीलाई मेरो सहृदय वन्दना !

— प्रकाश वज्राचार्य

Downloaded from http://dhamma.digital

# प्रकाशकीय

प्रस्तुत पुस्तक धर्मकीर्ति प्रकाशनको १२३ औं ग्रन्थ माला हो ।

यो पुस्तक श्री प्रकाश वज्राचार्यले संक्षिप्त रूपमा चाँडै पढन सकिने र बुझ्न सकिने गरी रोचक तवरले लेख्नु भएको जातक कथाहरूको संग्रह हो । जातक कथा जस्तो महत्वपूर्ण साहित्यलाई आधुनिक शैलिमा ढाल्ने प्रयास यसमा गरिएको छ । करिब ५५० जातकहरूमध्ये यो पहिलो शृंखला हो । यो पुस्तक धर्मकीर्ति विहारका सदस्यहरूबाट उठाइएको चन्दा-बाट प्रकाशित भएको हो । पूज्य भिक्षु अश्वघोषले प्रेसमा धाउनु भई छपाउनु भएकोले नै आज यो जातक संग्रह तपाइंको सामु आइपुग्न पाएको हो ।

धर्मकीर्तिको उद्देश्य अनुरूप प्रकाशित यो पुस्तकको लागि पूज्य अश्वघोष र प्रकाश वज्राचार्य सहित धर्मकीर्तिका सकल सदस्यहरूलाई धन्यवादको साथै आयु आरोग्य भई धर्मकीर्तिको तर्फबाट हुने बुद्ध धर्म प्रचारको काममा सधैं सहयोग दिन सकोस् भनी कामना गर्दछु ।

धम्मवती
धर्मकीर्ति विहार
श्रीघः न:घ:टोल

Downloaded from http://dhamma.digital

# विषय-सूची

१. अपण्णक जातक १
२. वण्णुपथ जातक ६
३. सेरिवाणिज जातक ११
४. चुल्लसेट्ठि जातक १७
५. तण्डुलनाली जातक २२
६. देवधम्म जातक २७
७. कट्ठहारि जातक ३३
८. गामणी जातक ३७
९. मखादेव जातक ४१
१०. सुखबिहारी जातक ४४
११. लक्षण जातक ४७
१२. निग्रोध मृग जातक ५०
१३. कण्डित जातक ५५
१४. वातमिग जातक ५९
१५. खरादिय जातक ६२
१६. तिपल्लत्थमिग जातक ६५
१७. मारुत जातक ७०
१८. मतकभत्त जातक ७२

Downloaded from http://dhamma.digital

| | | |
|---|---|---|
| १९. | आयाचितभत्त जातक | ७८ |
| २०. | नलपाण जातक | ८१ |
| २१. | कुरंगमिग जातक | ८६ |
| २२. | कुक्कुर जातक | ८९ |
| २३. | भोजाजानीय जातक | ९३ |
| २४. | आजञ्ञ जातक | ९७ |
| २५. | तित्थ जातक | १०१ |
| २६. | महिलामुख जातक | १०४ |
| २७. | अभिण्ह जातक | १०७ |


★★★

Downloaded from http://dhamma.digital

# अपण्णक जातक

त्यस व्यापारीको मन अति चंचल थिए। औधि खुशी थिए ऊ। आफ्नो पछि–पछि पाँच शय गाडाहरू सहित आइरहेका व्यापारीहरू हेरी एकचोटि फिसिक्क हाँसे ऊ।

उसले टाउकोमाथिको आकाश एकचोटि हेरे। आकाश सफा थियो। पानी पर्ने छाँट अलिकति पनि थिएन। शीतल हावा सिरिसिरि बहिरहेकोले उनीहरूलाई गर्मी पटक्कै भएको थिएन। त्यो बाटो उनीहरूको लागि नयाँ नै थियो। टाउको घुमाई दायाँबायाँतिर हेरे। कोही पनि देखिँदैनथ्यो। पछाडि हेरे—आफ्नै पाँच सय व्यापारी साथीहरू मात्र। त्योभन्दा पनि पछाडि उनीहरूले भर्खरै पार गरेर आएको सुनसान हरियो जंगल थियो। उसले सम्झन थाल्यो—त्यस जंगलमा हरिया बाँस किसिम किसिमका फलफुलहरू राम्रा राम्रा सुगन्धित फूलहरू अहिले उनीहरूका अगाडि साना–साना झारहरू, कन्दमूलहरू छन्। कन्दमूलहरू प्रशस्त हुनाले खानाको धन्दा उनीहरूलाई थिएन; पानी खान नपाइएला भन्ने पीर पनि उनीहरूलाई थिएन। चाहिने जति पानी गाडामा राखेर ल्याएका थिए।

Downloaded from http://dhamma.digital

"म नै यस बाटोबाट पहिला आएको असल भयो।"—त्यत्रो लामो सुनसान बाटोबाट आइराख्ने पाँच शय ब्यापारी-हरूको नाइकेले विचार गऱ्यो—"नभए हाम्रै नगरको अर्को ब्यापारी यही बाटो गरी आउन लागेको त हो नि। उनको समूह पहिला आएको भए यो बाटो बिगारी सक्थ्यो होला, वा गोरूहरूलाई घाँस खान पुग्दैनथ्यो होला त्यसो पनि नभए फलफुलहरू सबै खाइसक्यो होला...जे भएता पनि एउटा न एउटा त सिध्याइसक्थ्यो होला तिनीहरूले। उनीहरूभन्दा अगाडि हामीहरू यो बाटो आएको धेरै राम्रो भयो। अब उनीहरूभन्दा हामीहरू चाँडै अपरान्त देश (वर्तमान दक्षिण-पश्चिमी भारत) पुग्ने भइहाल्यो क्या रे। त्यहाँ गएर आफूले एकलौटी गरेर भाँडाकुँडाहरू बेचेर सक्ने जति धन कमाएर ल्याउँछु म। उनीहरूभन्दा पछाडि आएको भए यसो गर्न पाइन्थ्यो र मैले? पाइँदैनथ्यो। साँच्चै त म बुद्धिमान हुँ; नत्रभने उनीहरूलाई "तिमीहरू पछि आऊ, हामीहरू अगाडि जान्छौं" भन्ने बुद्धि आउँथ्यो मलाई? श्याबास..."

"कहाँ जान लागेको दाजु?" कोही एकजनाले सोधेको स्वरले आफ्नो विचारमा पौडी खेल्दै आइरहेको ब्यापारीहरूको नाइके तर्सियो। उनले देखे—उनीहरूको अगाडिबाट आइरहेका दश जना जति मान्छेहरू!. उनीहरूको शरीर पनि भिजेको थियो; लुगा पनि भिजेको थियो। कमलको फूलका मुट्ठाहरू

Downloaded from http://dhamma.digital

हातमा लिइराखेका थिए। ठाउँ–ठाउँमा हिलो भएको रथ-माथि बसेको थियो।

व्यापारीहरूको नाइकेले उत्तर दियो—"हामीहरू बनारसबाट आएका हौं; अपरान्ह देशमा व्यापार गर्न जान लागिरहेका छौं। तर दाजु, तपाईंहरूको शरीर कसरी भिजेको ?"

"साथी ! हामीहरू जुन बाटोबाट आयौं त्यहाँ धेरै पानी परिरहेको छ। ठाउँ–ठाउँमा पोखरीहरू छन्। तपाईं देख्नु हुन्न कमलका फूलहरू टिपी ल्याएकाछौं हामीहरूले। अरे, कसो तपाइले त गाडाका गाडा पानी ल्याउनु भएको रहेछ। किन गह्रौं हुने गरी पानी लानु परेको ? तपाइँ जान लाग्नु भएको बाटोमा, मैले भनिनै सकें, बेस्सरी पानी परिराखेको छ, पानीको दुःख छैन। मेरो कुरा मान्नु हुन्छ भने फुटालिदिनुस् पानीका गाग्रीहरू। बेकारमा झंझट हुने गरी पानी किन लाने ? छिटो पनि पुगिन्छ।" बटुवाले कुरा सम्झाइदियो। अनि आफ्नो बाटो लागे।

× × ×

डेढ महिनाजति पछि। पाँच शय व्यापारीहरूको समूह त्यही बाटो आए। आश्चर्यको कुरा, उनीहरूले पनि ती नै दश जनाजति शरीर रूझेका मान्छेहरू भेटे। उनीहरूले व्यापारीहरूको नाइकेलाई सुनाए, "हामीहरूको कुरा सुन्छौ

Downloaded from http://dhamma.digital

भने, व्यापारी दाजु, सबै पानी यहिं नै फ्याँकिदेऊ, अगाडि चाहिनेजति पानी छ, धेरै पानी परिरहेको छ।"

"धन्यवाद साथीहरू! तर अर्को पानी नदेखुन्जेल हामीहरूले ल्याएका गाग्रीहरू फाल्ने छैनौं हामी।"—व्यापारी-हरूको नाइकेले जवाफ दियो। जति भन्दापनि नमानेकोले ती लुगा भिजेका मान्छेहरू खुरुखुरु आफ्नो बाटो लागे। तिनीहरू गइसकेपछि एउटा व्यापारीले नाइकेसँग सोधे—"उनीहरूले भनेको ठिकै छ नि। किन गह्रौं हुने गरी पानी लगिराख्ने ?"

नाइकेले सोध्यो—"साथीहरू, आकाशमा कतै पनि बादल छैन। न कतै मेघ गर्जेको सुनिन्छ न बिजुली चम्केको देखिन्छ। न त हावानै चिसो छ। के साथीहरूले हेर्दा अगाडि पानी परिरहेको छ भने यस्तो होला? त्यसैले उनीहरूले भनेको मलाई पत्यार लाग्दैन।"

व्यापारीहरू सबैले 'हो' भने जस्तै टाउको हल्लाए। चार–पाँच घण्टा पछि एक ठाउँमा उनीहरूले पाँच शय मान्छे-हरूको कंकाल यताउता परिराखेको देखे। जता हेरे पनि कंकालै कंकाल मात्र। व्यापारीहरूको नाइकेले अनि साथी-हरूलाई भने—"हेर साथीहरू, यहाँ त्यसै परिराखेका रथहरू हेर्दा यी मर्नेहरू सबै हामीहरूभन्दा अगाडि आएका व्यापारीहरू हुनु पर्दछ। हाम्रो बनारसमै हामीहरूलाई "तिमीहरू पछि आऊ, हामीहरू अगाडि जान्छौं" भनेर डेढ महिनाजति पहिले

Downloaded from http://dhamma.digital

आउने व्यापारीहरू हुन् यिनीहरू। हामीहरु दुइटै समहसंगै आयौं भने खाना र पानीको समस्या होला भनेर यिनीहरूलाई पहिले पठाइदिएका थियौं। पक्कै पनि अघिका लुगा भिजेका-हरू राक्षसहरू हुनु पर्दछ। ती राक्षसहरूकै कुरा सुनेर यी मूर्खहरूले सबै पानी बाटोमै फालेर आए होलान्। अनि यहाँ पुगेपछि पानी खान नपाएर कमजोर भएकाहरूलाई ती नै राक्षसहरू आएर खाइदिए होलान्। त्यसैले साथीहरू अरूहरूले भन्ने बित्तिकै आँखा चिम्लेर पत्यार गर्नु राम्रो कुरा होइन।"

तो व्यापारीहरू पालैपालो गरी सुतेर त्यहिं रात बिताए। भोलिपल्ट अपरान्त देशमा गएर चाहिनेजति दाम लिएर भाँडाकुँडाहरू बेच्न पाइने भइहाले तिनीहरूले।

★★★

---

यो पहिलो जातक कथा बुद्धले बुद्ध शासन छोडेर जाने पाँच शय तिर्थंकरहरूलाई सम्झाउन सुनाउनु भएको हो। यसमा पानी नफाल्ने, पछिल्लो व्यापारी नाइके बोधिसत्व हो।

---

Downloaded from http://dhamma.digital

# वण्णुपथ जातक

क्षितिज रातो भयो। सूर्य देवताले आफ्नो अनुहार मरुभूमिभित्र लुकाउन लग्यो। आँखाले भ्याएसम्म रातो पहेंलो भएको मरुभूमि। यस्तो मरुभूमिको बीचमा एक समूह व्यापारीहरू पूर्वतिर हेर्दै अगाडि बढिराख्यो। बाटो देखाउने मान्छेको गाडा सबभन्दा अगाडि, अरू उसको पछि पछि।

अँध्यारो भएर आयो। पूर्व-पश्चिम छुट्याउन नसक्ने भएर आयो। जता हेरे पनि मरुभूमि। बाटो देखाउने दाजुले आकाशमा चम्किरहेका ताराहरू हेरेर आफ्नो बाटो लिइराख्यो। अरूले बाटो चिन्न सक्दैनथ्यो। त्यसो भएपनि अगाडि बाटो देखाउने मान्छे हुनाले उनीहरू ढुक्क हुँदै अगाडि बढिराखे। रात परेपछि त्यो मार्ग प्रदर्शक युवक निदाएको कसैले चाल पाएको थिएन। उनीहरू त बाटो देखाउनेको गाडाको पछि पछि लागिराखे—बाटो देखाउने निदाइसक्यो भन्ने थाहा थिएन। गाडा तानिराख्ने गोरूहरूलाई बाटो देखाउनेलाई निंद आएको मतलब थिएन, तिनीहरू अगाडि नै बढिराखे।

बिहानको सूर्य उदायो। मरुभूमि सुन जस्तै पहेंलो भएर

Downloaded from http://dhamma.digital

आए। मिलाएर आउनेहरू बिउँझिए। गाडाहरू त्यसरी नै अगाडि बढिराखे। एउटा व्यापारीले आँखा मिच्दै अर्कोसंग सोध्यो—"खोई, आज त हामी नगरमा पुग्नु पर्ने मि !"

"कुन्नि। हामी त मरुभूमिमै छौं।"—अर्कोले भन्यो। अकस्मात ऊ झस्के, "अरे ! त्यहाँ हेर ! त्यस मरुभूमिमा प्रांगणको चिन्ह देख्यौ ? हाम्रै गाडाको चिन्ह होइन र त्यो ?"

व्यापारीहरूको बीचमा हल्लाखल्ला भयो। साँच्चै अगाडिपट्टि उनीहरूकै गाडाको पाङ्ग्राको चिन्ह ! त्यसबेला-सम्म बाटो देखाएर आइराख्नेको पनि निंद खुल्यो। उसले पनि बुझ्यो उनीहरू त घुमेर हिजो जहाँ थियो त्यहिं नै आइपुगेका थिए। यसरी उनीहरूको एकदिन खेर गयो। मरुभूमिको बीचमा परे।

उनीहरूसंग पिउने पानी पनि त सिद्धिसकेको थियो। आज मरुभूमि नाघिसक्छौं, नगरमा पुगिसक्छौं भन्ठानेको थियो उनीहरूले, तर हिजो जहाँ थियो त्यहिं नै परिराखेकोले पानीको समस्या आयो। राती गोरूहरू घुमेर जहाँबाट गएका थिए, त्यहिं नै पुग्न पाउंछौ भनेर थाहा पनि त थिएन उनीहरूलाई।

बाटो देखाएर आउनेलाई सबैले गालिगरे। तीन चार जना रिसाहाहरूले त उसलाई मारुंला झैं गरे। तर उसलाई मारिदिए भने उनीहरू नगरमा पुग्ने पनि कसरी ?

Downloaded from http://dhamma.digital

अरूहरूलाई बाटो पनि त थाहा थिएन। व्यापारीहरूको नाइकेले सबैलाई सम्झाई बुझाई शान्त पारे। बाटो देखाउनेले अनि मात्रै सानो स्वरले भन्यो—"नगरमा पुग्न आज दिनभरि जानुपर्छ।"

दिनभरि हिँड्नु पर्ने!? त्यो पनि त्यस्तो तन्न लागेको घाममा, मरुभूमिको बिचबाट!? आफूसित एक थोपा पानी थिएन। तर त्यहिँ बसिराख्ने कुरा पनि त हुन सक्दैन नि! त्यसैले मुख अँध्यारो पारेर मन लागे पनि नलागे पनि सबैले पाइला चाले। जसो गरेर पनि प्यास लागेको सही उनीहरू दुई–तीनघण्टा हिँडिसके। तर त्यस्तो गर्मीमा कति नै अगाडि बढ्न सकिन्थ्यो!? केही छिनपछि दुईजना मान्छेहरू प्यासले बेहोश भए। त्यसो भएपनि उनीहरू नरोकिकन अगाडि बढी नै रहे।

अर्को एकघण्टा बित्यो। अर्को चारजना जति व्यापारीहरू पानी खान नपाएर पछ्रिन गए। एउटा गोरू पनि लड्यो। अनि त सबै व्यापारीहरू त्यहिँ नै बसे। अगाडि बढ्ने शक्ति उनीहरूमा भएन। पानी खान नपाएर मर्ने भए हामीहरू भन्ठाने उनीहरूले। मरुभूमि उनीहरूको लागि मशान भइदियो। कसैले सुस्केरा हाले। कसैले देउता सम्झे। कोहीले घरमा छाडेर आएका स्वास्नी, छोराछोरी सम्झे। खपी नसकेर एक दुईजनाले बाटो देखाउनेलाई जति सक्थ्यो त्यति श्राप पनि दिए। सबैजना निराश भए।

Downloaded from http://dhamma.digital

सबैजना ? होइन ! एकजना निराश भएको थिएन । उनीहरूको नाइके निराश भएको थिएन । मर्नु अगाडि आफूलाई मर्‍यो ठान्ने बानी उसको थिएन । कोशिस नै नगरी निराश भै सुस्केरा हाल्ने उनी थिएन । जोसुकै निराश भएपनि उनी हरेश भएनन् । उसले भन्यो—"साथीहरु, त्यहाँ सानो एउटा रूख देखेका छौ ? मेरो बिचारमा त्यसको मुनि अवश्य पानी हुनु पर्दछ ।"

जवाफ कसैले दिएन । सबै थाकिसकेका थिए । फेरि मरुभूमिको बीचमा खाल्डो खनेर पानी निकाल्नु पागलपन होइन र ? त्यसो भएपनि नाइके एक्लै उतातिर गए । खन्न थाल्यो । नाइके एक्लैले काम गरिराखेको देखेर अरू व्यापारीहरूले पनि खन्ने काम गर्न थाले ।

खन्दै लगे । तर पानी भेटिएन । फेरि खने, तैपनि भेटिएन । दश हात, बीस हात, तीस हात, चालिस हात गहिरो खनिसके । तैपनि पानी भेट्टाउन सकेन । उनीहरू चल्नै नसक्ने भैसकेका थिए । धेरैले काम गर्न छाडिदिए । नाइके लगायत केहीले खन्ने जारिनै राखे । साठ्ठी हात खनिसकेपछि एउटा ठूलो चट्टान भेटिंदा सबैजसो व्यापारीहरू निराश हुन थाले ।

नाइकेले कोशिस छाडेको थिएन । ऊ तल ओर्लेर त्यस चट्टानमाथि कान थापेर सुन्यो । हर्षले उसको मुख तेजिलो भएर आयो किनभने उसले मुनि पानी बगेको कलकल स्वर

Downloaded from http://dhamma.digital

सुनेको थियो। खुशी हुँदै सबैलाई बोलाए। सबैमा नयाँ जोश देखियो। सबै मिलेर चट्टान फुटाले। चट्टान मुनि चिसो पानी बगिरहेको .....।

उनीहरू बचे। बीच मरुभूमिमा पर्न नपर्ने भए। सबैले पानी पिए। धेरैले नुहाए। खाना बनाएर खाने पनि गरे। गोरुहरूलाई पनि पानी खवाए। दिनभरि त्यहिं बसेर बेलुकि मात्र जाने निधो गरे। अब त उनीहरूलाई नगर नपुग्ने धन्दा पनि त भएन .....।

***

यो जातक कथा, भगवान् बुद्धले एकजना अल्सी भिक्षुको कारणले सुनाउनु भएको थियो। यस कथामा व्यापारीहरुको नाइके हुने बोधिसत्व थियो।

Downloaded from http://dhamma.digital

# सेरिवाणिज जातक

लामो सुस्केरा हाल्दै बज्यैले भनिन्—"भैगो, अब पुग्यो। भात पकाउन जाने बेला भयो।"

बज्यैको सेतो कपालमा जुम्रा खोजिराख्ने नातिनीले भनी—"बज्यै, मलाई पनि खेलौना किनी दिन्छु भन्नुभएको होइन ?"

"किनी दिन्छु। हत्तार के को ?"

"माइँ। बज्यैले भने जहिले पनि त्यस्तै भन्नुहुन्छ। अस्ति पनि साथीहरूले लगाइराखेको जस्तो कानमा लाउने एउटा किनिदिनुस् भन्दाखेरि त्यस्तै भन्नुभयो।"—बच्चीले मुख बिगारिन्।

"बेच्न ल्याए पो किनिदिने।"—बज्यैले कुरा पन्छाउन खोजी।

× × ×

घरमा बज्यै र नातिनी मात्रै थिए। घर ठूलो तर जीर्ण भैसकेको थियो। केही वर्ष अगाडि त्यस घरमा अरू पनि

Downloaded from http://dhamma.digital

सदस्यहरू थिए। घर राम्रो थियो—उनीहरू सम्पन्न थिए। तर समयको निष्ठुरताले उनीहरू कंगाल भएका थिए।

× × ×

त्यहि गल्लीबाट एउटा मान्छे ठूलो झोला बोकी "हेरा-मोती लिनुहोस् ! हेरामोती लिनुहोस् !!" भन्दै आयो।

बच्ची उफ्री—"बज्यै ! बज्यै !! हेर्नुस् त यहाँ को आएको छ—हिरामोती बेच्ने। मलाई कानमा लाउने एउटा बज्यै !"

"आज भँगो। चाहिँदो नचाहिँदो कुरा गरिराख्छे।"

"लिई दिनुस्न !"

बच्चीलाई तानेर काखमा राख्दै बज्यैचाहिँले भनी, "हामीसँग पैसा छ लाटी, त्यस्तो महंगो चीज किन्न ? घरमा भाँडाकुँडा, गहना केही छैन साटेर लिउँ भनं पनि। पैसा भएत तैंले भनेका सबैथोकहरू किनीदिन्थे।"

"नाइँ, बज्यैले भने जहिले पनि यस्तै भन्नुहुन्छ।" बच्चीको चित्त दुखेको थियो। फेरि च्वाट्ट भनी, "बज्यै ! बज्यै !! ढोकापछाडि राखिछोडेको पुरानो थाल एउटा छ नि, त्यहीसँग साटेर लिए हुन्न ?"

बच्चीलें ज्यादैनै जिद्दी गरेकोले भित्र गएर थाल एउटा लिएर आइन्। हिरामोती बेच्न आउने व्यापारीलाई बोलाई

Downloaded from http://dhamma.digital

"त्यस थालको जति पर्छ त्यही मुताबिक बज्चीलाई हिरामोती दिनुस्" भनिन् । व्यापारीले थाल लियो । पछाडिपट्टि नङ्ले कोट्याएर हेर्दा भित्र पहेंलो भएको पायो । कसिमा घोटी जाँच्यो—सुनकै थियो । त्यस लोभी व्यापारीले "विचार गरे — "यो सुनको थाल एउटा सित्तैं लिनपाए . ! ?" उनले थाल फाल्दै भने—"यस्तो पुरानो थाल पनि कसैले लिन्छ ? यसको त एक पैसा पनि पर्दैन ।" अनि आफ्नो बाटो लागे भैं अगाडि बढे उनी ।

बज्चीलाई रून आयो । केही पनि दिएन भैहाल्यो, थालै फालेर किन जानु पर्ने ! ? बज्चीको मन राख्न नसक्ने बुढीको आँखामा पनि आँशुका दुई थोपा देखिन थाले ।

केही छिनपछि अर्को पनि एकजना व्यापारी त्यसरी नै हिरामोती बेच्न आयो । बज्चीले फेरि बज्यैलाई पिर्न थाली, बज्यै ! बज्यै ! ! यो मान्छेलाई थाल दिएर कानमा लाउने लिई दिनुस्न ।"

"अघिकोले भनेको सुनेन यो थालको एक पैसा पनि आउँदैन भनेर ? यसले पनि के साटेर लेला र ?"

"अघि आउने मान्छे हेर्दा नै लुच्चा जस्तो छ, खराब जस्तो छ । बज्यै, यो मान्छे त असल देखिन्छ । यसले थालसंग साटी जे भएपनि देला जस्तो छ ।"

Downloaded from http://dhamma.digital

बच्चीको मन राखन बज्यैले त्यस नयाँ ब्यापारीलाई बोलाएर थाल देखाइन् । ब्यापारीले राम्ररी कसिमा घोटेर हे-यो । थाल सुनकै रहेछ ।

"बज्यै यो थाल म साटेर लिन सक्दिन । यसको लाख रूपैयाँ पर्छ । यो सुनको थाल हो !"

ब्यापारीको कुरा सुनेर बज्यैचाहिं र बच्ची दुबै पक्क परे । धेरै समयसम्म पत्यारै लागेन उनीहरूलाई । बल्ल एकछिनपछि बज्यैचाहिंले भनिन्, "बाबु । अघि आउने ब्यापारीले यो थालको एक पैसा पनि पर्दैन भनेर फालेर गयो, तपाइँले भने यसको मूल्य एक लाख रूपैयाँ पर्छ भन्नुहुन्छ । तपाइँकै पुण्यले यो थाल सुनको भयो होला । यो थाल तपाइँकै हो । तपाइँनै राखनुहोस् । तपाइँलाई जति मन छ, त्यति दिनुहोस् ।"

"मेरो थैलोमा पाँच शय रूपियाँ छ । पाँच शयकै सामान छ । सबै तपाइँले लिनुहोस् । मलाई यो तराजु, थैलो र नदी तरेर जान आठ कार्षापण (त्यसबेलाको पैसा) दिनुहोस् ।"

बुढीले सुनको थाल त्यस असल ब्यापारीलाई दिई पठायो । नातिनीलाई एकचोटि हेरिन् । बच्ची खुशी हुँदै हिरामोती हातमा लिएर हेरिन् । उनीहरूको दिन फेर्ने भइसकेको थियो ।

Downloaded from http://dhamma.digital

त्यसैबेला अघिको लोभी ब्यापारी फेरि आइपुगे। उनले भने, "ल भैंगो बुढी। तिम्री नातिनी रोएकी मैले हेर्न सकिन। अघिको थाल ल्याऊ। केही पैसा दिएर लिउँला।"

त्यस ब्यापारीदेखि रिसाएकी बच्चीले हप्काइन्, "लाज पनि छैन? तिमीले त थालको एक पैसा पनि पर्दैन भनी मिल्काएर गएको थियौ। अर्को एकजना ब्यापारीले हामीलाई हजार रूपियाँ दिएर लगिसक्यो।"

थाल लग्यो, त्यो पनि हजार रूपियाँले!! लोभी ब्यापारीको होश उडेजस्तो भयो। आफ्नो हातमा परिसकेको लाख रूपियाँ मोल पर्ने थाल उम्कियो। सही नसक्नु भयो उनलाई। ऊ रन्ठनियो। उसको धुर्त्याइको यत्रो मोल! त्यही सुनको थालेको सम्झनाले ऊ पागल जस्तै भयो।

आफूले लगाइराखेको लुगा त्यहि फुकालि हातमा आफ्नो तराजुको डण्डो समाती त्यस ब्यापारीलाई कुटेर भए-पनि थाल खोस्छु भनेर डोड्यो।

थाल लिएर जाने ब्यापारी अन्धपुर नगर छाडी आफ्नो सेरिय देश फर्कन एउटा डुंगामा बसी नीलवाहिनी नदी तरि-रहेको देख्यो त्यस लोभी ब्यापारीले। चारैतिर हेऱ्यो—अर्को डुंगा त्यहाँ थिएन। सही नसक्नु भयो उनलाई—दाँत किचेर हातमा लिइराखेको डण्डीले नदी तरिराखने ब्यापारीलाई हिर्काई पठायो, तर लागेन।

Downloaded from http://dhamma.digital

सुनको थाल लिई डुंगामा बसी आफूदेखि धमाधम परतिर गइराख्ने व्यापारीलाई हेर्दै झनझन रिसाई बस्यो—त्यो लोभी व्यापारी। नदीको किनारमा बसेरै आँला ठड्याएर पागल जस्तै कराए ऊ—"तिमीलाई बाँकि राख्ने छुइन मैले!" कराउँदा कराउँदै उनको मुखबाट रगत भर्लक्क निस्क्यो। त्यहिं लड्यो। उनलाई चारैतिर अंध्यारो भएर आयो। तैपनि उनको मनमा एउटै मात्र कुरा उठिराख्यो—तिमीलाई बाँकि राख्ने छुइन मैले..... तिमीलाई बाँकि राख्ने छुइन मैले तिमीलाई बाँकि राख्नें छुइन मैले......।

लोभी व्यापारीले त्यहिं नै आँखा चिम्ले।

★★★

---

यस कथामा कञ्जुस व्यापारी देवदत्त हो; अनि असल सुनको थाल लिएर जाने व्यापारी बोधिसत्व हो।

---

Downloaded from http://dhamma.digital

# चुल्लसेट्ठि जातक

मरेको मुसा ! बाटोको बीचमा फालिराखेको मरेको मुसालाई कसैले वास्ता गरेन; वास्ता गर्ने फुर्सत पनि थिएन कसैसँग। कसले वास्ता गर्ला एउटा मुसालाई, त्यो पनि मरेको ? तैपनि त्यो मान्छे एकजना गजबकै रहेछ। कति बेरसम्म घुरेर हेरिराख्यो उनले—त्यो मरेको मुसालाई। मरेको मुसालाई हेर्दै आफै भुनभुन कराएर ल्यायो—"यो मरेको मुसा किन कसैले नलिएको होला ? बिना मतलबको कामै नलाग्ने भनेको के हुनसक्छ र ? यो मरेको मुसा पनि काम लाग्न सक्छ। मेहनत र बुद्धि हुने भए यस मरेको मुसा-लाई पनि काममा लिएर पैसा कमाउन सकिन्छ। किन कसैले यसलाई नलगेको होला !

मानिसहरूले मुसालाई मात्र वास्ता नगरेको होइन, त्यसरी मसिनो स्वरले कराइराख्नेलाई पनि वास्ता गरेन। सबैले पागल पो हो कि भन्ठानेर आफ्नो बाटो तताए। ऊनिरै मोकाएको जस्तो देखिने एकजना गरिब मान्छे ठिंग उभेर उसलाई हेरिरहेको थियो। उसलाई राम्ररी हेरेपछि चिनीपनि हाले। बाराणशीको सेठ चुल्लसेट्ठि पो रहेछ।

Downloaded from http://dhamma.digital

त्यत्रो ठूलो सेठले भनेको कुरा राम्रै होला—विचार गऱ्यो त्यस गरीबले । अनि बिस्तारै गएर त्यो मरेको मुसाको पुच्छर समाती उचालेर हेऱ्यो ।

"के यस मरेको मुसा एउटाले पैसा कमाउन सकिएला मैले ? त्यस सेठले नभएको कुरा त गरेको हैन होला । हेरुँला मेरो भाग्य पनि ।" यस्तो मनमा राखी त्यो गरीब मान्छेले हातमा मरेको मुसालाई लिई हिंडे ।

तीनवटा जति गल्ली पार गरिसकेपछि एउटा पसलमा बाँधिराखेको एउटा बिरालोको आँखा त्यस मुसामाथि पऱ्यो । बिरालो "म्याउ, म्याउ" कराउँदै उफ्रिन थाल्यो । अनि बिरालोको मालिकले बिरालोलाई भनेर त्यो मुसा एक दाम (चार दाम = १ पैसा) ले किन्यो ।

एक दामको सक्खर किन्यो त्यसले । त्यसबाट सक्खरको झोल बनायो । अनि जंगलमा फूल टिप्न आउनेहरूलाई सक्खरको झोल पिलाउने गऱ्यो । सक्खरको झोल पिएर जाने-हरूले पनि उनलाई एक-एक मुट्ठा फूल दिएर जाने गर्थे । फूल बेचेर सक्खर किन्थ्यो, सक्खरको झोल पिलाउँथ्यो, फूल लिएर, फेरि बेच्थ्यो । यसरी नै उनले आठ कार्षापण (त्यस-बेलाको पैसा) कमायो ।

एकदिन बेस्सरी हावा चल्यो । रूखका हाँगा र पातहरू खसेर राजाको बगैंचा फोहोर भयो । सफा गर्नु परेर दिक्क

Downloaded from http://dhamma.digital

भइराख्ने बगैंचाको मालीलाई त्यस गरीबले "यो बगैंचा सफा गरिदिनेछु, मलाई केही पैसा ज्यालाको रूपमा दिनुहोस्" भने। मालीले "हुन्छ" भनेपछि उनले संगै खेलीराख्ने एक बथान केटाकेटीहरूलाई सक्खरको झोल पिलाई ती सबै पातहरू, हाँगाहरू टिप्न लगाए। उसको भाग्य! बाल्नको लागि काठ खोजिराख्ने राजाको कुम्हाले दाजुलाई उनले भेटे। उनलाई ती रूखका हाँगा र पातहरू बेची उनले छः आना कार्षापण खल्तीमा हाले। त्यही पैसाले उनले एउटा काम शुरु गरे – बटुवाहरूलाई पानी ख्वाउने। यसैबाट धेरै बटुवा तथा व्यापारीहरू उनका साथीहरू बने।

व्यापारीहरूबाट एकदिन उनले पाँच शय घोडाहरू लिएर एउटा व्यापारी त्यस नगरमा आउने कुरा थाहा पायो। अनि एउटा जुक्ति लगायो उनले। उसकहाँ पानी खान आउने घाँस बेच्नेहरू सबसँग एक–एक मुट्ठा घाँस लिई "दुई तीनसम्म तपाइंहरूले घाँस नबेचिदिनुहोस् मेरो निम्ति" भनेर हात जोड्यो। जहिले पनि सित्तै पानी खाइराख्ने घाँस बेच्नेहरूले 'नाइं' भन्न सकेनन्।

व्यापारी आइपुग्यो। उनले आफ्ना पाँच शय घोडाहरूलाई ख्वाउन घाँस खोज्न सकेन। यही मौका छोपी त्यस गरीब मान्छेले हजार रूपियाँ लिई उनका घोडाहरूलाई घाँस खुवायो।

Downloaded from http://dhamma.digital

केही दिनपछि एउटा ठूलो जहाज सामान लिएर आइपुगेको कुरा त्यस गरीबले थाहा पायो । अनि भाँडामा लिएको रथमा बसी राम्रो लुगा लगाई महाजन जस्तो गरी गएर त्यस जहाजको नाविकलाई एउटा औंठी पेश्की दिएर जहाजको सामान सबै आफूले किनेर लिने पक्का गऱ्यो । सामान भएको जहाज आइपुगेको कुरा सुनेर बाराणशीका अरू व्यापारीहरू त्यहाँ आए, तर पहिला नै त्यस गरीब मान्छेले पेश्की दिई राखिसकेकोले कसैले केही लिन पाएन । अनि उनीहरू सबै, शयजना बाराणशीका महाजनहरू, त्यस गरीबकहाँ गई हरेकले दुई–दुई हजार रूपियाँ तिरी ती सामानमा हिस्सा किनी लिए । यसरी त्यस गरीबले दुई लाख रूपियाँ फाइदा गरे—ऊ गरीब भएन, लखपति भयो ।

आफ्नो मेहनत र बुद्धिले मरेको मुसालाई काममा लिई लखपति हुने त्यो मान्छे कृतघ्न थिएन । त्यसैले ऊ सेठ चुल्लसेट्ठिकहाँ गए, भने, "महाजन, तपाईंले भन्नु भएर नै बाटोमा फालिराखेको मरेको मुसा लिई त्यसबाट मैले दुई लाख रूपियाँ कमाई सकें । आधी रकम तपाईंले लिनुहोस् ।"

उनको कुरा सबै सुनेर सेठ चुल्लसेट्ठिले उनलाई आफ्नो एक्ली छोरी दियो । त्यसबेलादेखि त्यो मान्छे चुल्लसेट्ठिको ज्वाईं मात्र होइन, उसको उत्तराधिकारी पनि भयो ।

★★★

Downloaded from http://dhamma.digital

यो जातक कथा भगवान्‌ले चुल्लपंथक नाम गरेको एकजना मन्द बुद्धि भएको भिक्षुको कारणले सुनाउनु भएको थियो। यसमा मरेको मुसालाई काममा लिई लखपति हुने चुल्लपंथक हो; अनि चुल्लसेट्ठित बोधिसत्व नै भयो।

Dhamma.Digital

Downloaded from http://dhamma.digital

# तण्डुलनाली जातक

राजा हुँदैमा धनी हुनु पर्ने भन्ने केही छैन । धनी हुँदैमा पैसा पुग्ने भन्ने पनि केही छैन । त्यो राजा धनी छ, तर पैसाबाट सन्तोष ऊ कहिले नै भएको छैन । ऊ मितव्ययी छ, पैसा बढि खर्च गर्न चाहँदैन, धेरै मान्छेले उसलाई कंचुस पनि भन्ने गर्छन् । आफूलाई 'कंचुस' भन्नेहरूलाई उसले वास्ता गर्दैन, उनीहरूलाई पैसाको महत्व नबुझ्ने तुच्छ मानिस थान्छन् । उसले अरूलाई चित्त बुझोस्, नबुझोस् आफ्नो चित्त बुझेमा पुगिहाल्योनि भन्ने खालको राजा हो ऊ !

पैसा बचाउने हजारौं उपायहरू विचार गर्छन् उसले । आज पनि ख्यालमा बसी पैसा बचाउने उपाय खोज्दैछ । पैसा बचाउने तर्खरमा पैसा खर्च हुने ठाउँहरू एक एक गरी विचार गर्न थाले । किनमेल गर्दाखेरी नै पैसा कम तिरेर किन्न सकेत धेरै पो पैसा बच्ने छ त—राजाले विचार गरे । तर राजदरबारमा किनमेल गर्दा भाऊ मिलाउने व्यक्ति भने बेच्नेलाई नपुग्ने गरी पैसा दिन चाहन्दैन । हुनत उसले काम गरिराखेको चित्त नबुझ्दो पनि छैन, तर पैसा बचाउने बाटो पनि खोज्नु पऱ्यो नि । जे होस् त्यो भाउ मिलाउने व्यक्तिको ठाउँ अर्को

Downloaded from http://dhamma.digital

पैसा जोगाउन सक्ने मान्छे हालिदिनु पर्‍यो। राजाले विचार गर्दै गयो। तर हाल्ने कसलाई ? किनमेल गर्दा पैसा बढि खर्च हुन नदिने व्यक्ति को छ त ? को छ ? को राख्ने ??

संयोगको कुरो ! त्यति नै बेला राजाले बाटोमा लुखुर लुखुर हिंडिराख्ने एकजना लठेब्रो देखिहाले। पक्कै पनि यो मान्छेले मेरो पैसा जोगाउन सक्ला भन्ने राजालाई लाग्यो। तुरन्तै त्यो लठेब्रोलाई डाक्न पठाए, तुरन्तै राजदरवारमा किनमेल गर्ने, मोलभाव गर्ने काम उसलाई सुम्पिदियो।

× × ×

नयाँ मूल्य नियन्त्रकलाई कसैले मनपराएको थिएन, न कोही ऊ देखी सन्तुष्ट नै थिए। तर पनि ५०० घोडाहरू बेचन आउने एकजना व्यापारीलाई उसैकहाँ जानु पर्ने भयो, आफ्ना घोडाहरू दरवारमै बेच्नु पर्ने उसलाई।

मूल्य निर्धारकले घोडाहरू हेरे। अति अनुभवी व्यक्तिले जस्तै स्वांग गर्दै हरेक घोडालाई ठोक बजाई हेर्न थाले। अन्तमा आँखे भुइं खुम्चाउंदै भने उसले "महाजन, यी घोडा-हरू मैले राम्र संग हेरिसकें। राजदरवारले यी घोडाहरूको मूल्य एक तण्डुलनाली मात्रै दिन सक्छ !"

व्यापारी तीनछक्क परे। ५०० घोडाहरूको मूल्य एक तण्डुलनाली ? अन्याय ! तर उसले केही बोल्न पनि सकेन, राजदरवारको निर्णयलाई विरोध गर्ने क्षमता उसमा छैन।

Downloaded from http://dhamma.digital

निरास भई हातमा एक तण्डुलनाली लिई निन्याउरो मुख पारेर ऊ त्यहाँबाट फर्के। घर जाने हिम्मत पनि आएन बिचरोलाई। ५०० घोडाहरू गुमाइसकेपछि घरमा मुख देखाओस् पनि कसरी ? रिसले चूर छ ऊ भित्रबाट, तर बोल्न सक्ने केही होइन। पहिलेको मूल्य निर्धारक कति राम्रो थियो, कति इमानदार थियो, विचार गर्दै हिंडे ऊ। पहिलेको मूल्य निर्धारकले सायद मलाई केही मद्दत गर्न सक्लाकि भन्ने विचार गरी त्यो व्यापारी पुरानो मूल्य निर्धारकको घरतिर लम्कन थाले।

उक्त पुरानो इमान्दार मूल्य निर्धारकको अगाडि गई व्यापारीले आफ्नो कुरो जम्मै भने। हो, यो त अन्याय हो भन्ने ठानी मूल्य निर्धारकले व्यापारीलाई कुरो सिकाउन थाले।

× × ×

भोलिपल्ट राजमहलमा दरबार बस्यो। दरबारमा उही व्यापारी तुप्लुक्क आइपुगे। आउँदैमा भनीहाले "महाराज ! म तपाइंको योग्य मूल्य निर्धारकसंग आफ्नो सामानको मूल्य निर्धारण गर्न चाहन्छु।"

सबै भारदारहरू खचाखच भरेको ठाउंमा जनताको अनुरोधलाई राजाले नाइं भन्न सकेन। व्यापारीले कुरो थपे, "महाराज, मेरा ५०० घोडाहरूको मोल कति पर्छ, जानौं पाउं।"

Downloaded from http://dhamma.digital

राजाले नयाँ लठेब्रो मूल्य निर्धारकलाई बोलाउन पठाए। उसले आएर घोषणा गरे, "महाराज, ५०० घोडाहरूको मोल एक तण्डुलनाली हो।"

भित्र भित्र राजा दंग भए, मूल्य निर्धारकले कंचुसीपन देखाएको उसलाई धेरै मनपऱ्यो। भाइ भारदारहरू चाहिं कानेखुसी गर्न थाले। व्यापारीले कुरा थपे, "हिजो मैले ती ५०० घोडाहरू बेचिसके। अब मसँग एउटा तण्डुलनाली मात्रै बाकि छ। यो तण्डुलनालीको मोल जान्न पाउँ।"

मूल्य निर्धारकले चारैतर्फ आँखा दौडाए। सबै आफूतिर हेरिरहेको। अनि बिस्तारै आफ्नो गोजीमा चाल नपाउने गरी छोई हेरे। हिजो बेलुकी त्यो व्यापारीले उसलाई दिएर गएको पैसा त्यहीं छ। उसले भने—"महाराज, यो तण्डुलनालीको मोल हो—तपाईंको राज्य बाराणसी सबै।"

खलबल मच्चियो। एउटा तण्डुलनालीको मोल बाराणसी! त्यो नयाँ मूल्य निर्धारकलाई हिजो बेलुकी नै व्यापारीले घूस खुवाएर कुरा सिकाएको कसैलाई थाहा थिएन, सिवाय् पुरानो मूल्य निर्धारकलाई, जसको सल्लाह अनुसार नै व्यापारीले त्यसो गरेको थियो। सभामा कोही हास्न थाले, कोही खुसुरपुसुर गर्न थाले। राजालाई आत्थु आत्थु। पछाडिबाट गाइं गुइं गरेको सुनीयो—"कस्तो मूर्ख मान्छेलाई मूल्य निर्धारक गरेको हो हाम्रो राजाले", "कस्तो राजा हो यो!?"

Downloaded from http://dhamma.digital

"राजाले अब बाराणशी कसरी बेच्ने हो हेरिहालौं !!" राजा त शरमले भुतुक्कै भयो। कत्ति बेरसम्म केही बोल्नै सकिन। बल्ल अलि होश आएपछि हुकुम जारी गरे, निकालदे यो मूर्ख मान्छेलाई ! आजदेखि फेरि पुरानै मूल्य निर्धारकलाई राख। अँ, यो व्यापारीका घोडाहरू पनि उचित मोल दिइदेऊ।"

राजाको हुकुम ! भने मुताविक सबै कुरो भयो। पुरानो इमान्दार मूल्य निर्धारक आफ्नो पदमा फेरि आए। व्यापारी पनि सन्तुष्ट भए।

★★★

---

यो जातक कथा भगवान् बुद्धले लालउदायी भन्ने मूर्ख भिक्षुको कारणमा मूर्खहरूको संगतले अरूलाई हानी हुन्छ भनी देखाउँदै भिक्षु संघलाई सुनाउनु भएको थियो। यसमा नयाँ मूर्ख मूल्य निर्धारक बुद्धकालीन लालउदायी भिक्षु र पुरानो मूल्य निर्धारक स्वयं बोधिसत्व हुनुहुन्थ्यो।

---

Downloaded from http://dhamma.digital

# देवधम्म जातक

"राजकुमार ! म लज्जित छु । राजा हुँ, तैपनि लज्जित छु । म तिमीलाई औंधि रुचाउँछु, तर गह्रौं मनले भन्नु परेको छ कि तिमी र तिम्रो भाइ चन्द्रकुमार आजै यो राज्य छोडेर जंगलमा बस्न जाऊ ।" सकी नसकी राजा ब्रह्मदत्तले आफ्नो छोरो महिंसास कुमारलाई भने ।

"बुबा, हजुरको आज्ञा उलंघन गर्ने क्षमता ममा छैन, तर पनि आज अकस्मात हजुरले यस्तो कुरो गरेकोले मलाई छक्क लाग्यो । किन, के भयो ?? बुबालाई सञ्चै त छ ?" महिंसासले सोधिहाले ।

लामो सुस्केरा हाली राजाले भने, "छोरो ! भूल मेरै हो । तिमी र तिम्रो भाइ चन्द्रकुमार जन्मिसकेपछि मैले अर्की रानी बिहा गरेर ल्याएं । तिम्रो कान्छी आमाबाट सूर्यकुमारको जन्म हुंदा मैले तिम्रो कान्छी आमालाई हर्षले अन्धो भई जे भएपनि वर माग भनेको थिएं । आज आएर सूर्यकुमार जवान भएपछि यो राज्य उसको हातमा पार्नको लागि तिमीहरू दुई जनालाई वनवास पठाउने वर मसंग मागी । आफ्नो वचनमा

Downloaded from http://dhamma.digital

आफै फसेको छु म ! त्यसैले, छोरो, मलाई माफ गरिदेऊ र आफ्नो भाइ चन्द्रकुमारसंग जंगलमा बस्न जाऊ। म मरिसके-पछि फर्केर आई यो राज्य चलाऊ।"

धेरै कुरा गरिराख्नु मुनासिब हुँदैन भन्ने विचारले महिंसास कुमारले भाइ चन्द्रकुमारलाई यो खबर पठाइदियो। यता सूर्यकुमारले पनि चाल पाइहाल्यो। एक त आफ्ना प्यारा दाइहरू, अर्को आफ्नो कारणले उनीहरू बन जान लागेका। उसले सही सकेन; आफू पनि उनीहरूसंगै वनवास जान्छु भनी ढिपी गर्न थाले।

यसरी महिंसास कुमार, चन्द्रकुमार र सूर्यकुमार तीन दाजु भाइहरू जंगलमा वनवास बस्नलाई हिंडे।

× × ×

घना जंगल। बिहानैदेखि हिंडेर आएकोले थकाइले चूर भई तीनैजना दाजुभाई एक रूखको छहारीमा थकाइमार्न बसे। कपालमा चुहेका पसिना पुछ्दै महिंसासले सूर्यकुमारलाई भने—"भाइ, यहाँ नजिकै एउटा तलाउ छ। तिमी गएर त्यहाँबाट मेरो लागि पिउने पानी अलिकति ल्याइदेऊ।"

"हवस्" भनी सूर्यकुमार तलाउतिर हिंडे।

धेरै बेरसम्म पनि सूर्यकुमार फर्केर आएन। महिंसास कुमारले अर्को भाइ चन्द्रकुमारलाई भने—"सूर्यकुमार त फर्कँदै

Downloaded from http://dhamma.digital

फर्कन । के गरिराखं होला यति बेरसम्म । जाऊ तिमी गएर हेरेर आऊ । पानी पनि ल्याउनु बरू ।"

"हवस्" भनी चन्द्रकुमार पनि तलाउतिर हिंडे ।

ऊ पनि फर्कन । धेरै बेर बितिसक्यो । हो न हो कुनै बिपत्ति आइपऱ्यो होला भन्ने ठानी महिंसास कुमार आफैले तलाउको दिशातिर पाइला चाले ।

जंगलको बीचमा रहेको तलाउ । अति शान्त, अति निर्मल, अति स्वच्छ । चारैतिर सुनसान । आफ्ना भाइहरू कतै पनि देखेन महिंसासले । उनी चकित भए । अकस्मात आफ्नो दाहिनेतर्फ केही आहत भएकोले महिंसासले मुन्तो घुमाए । त्यस्तो बिरान र सुनसान ठाउँमा एकजना मान्छे आफैतिर आइरहेको देखे । उसैसंग महिंसासले सोधे—"दाइ, यहाँ केहीछिन अगाडि मेरा दुई भाइहरू आएका थिए । उनीहरू अहिले बेपत्ता छन् । तपाइंले देखनुभएको छ कि ?"

मुसुक्क हाँसेर त्यो मान्छेले भने—"हो, देखेको छु । मैले नै ती दुई जनालाई समाति राखेको हुं ।"

"किन नि ?!"

"हेर्नुस्, म वास्तवमा एक राक्षस हुं । यो तलाउमा पानी खान आउने सबैलाई समात्ने अधिकार ममा छ ।"

"सबैलाई !?"

Downloaded from http://dhamma.digital

"हो सबैलाई ! ती सबैलाई जसले मलाई देव धर्मको व्याख्या गर्न सक्दैन, ती सबैलाई जसले देव धर्म बुझेको छैन । तिम्रा भाइहरूलाई पनि देव धर्म आउँदैनथ्यो । पहिलोले 'चन्द्र सूर्य नै देव धर्म हो' भने, अर्कोले 'चारै दिशा देव धर्म हुन्' भने । त्यसैले ती दुबै मेरो अधिनमा छन् अहिले ।"

एकैछिन घोरेर महिसासले भने—"त्यसोभए तिमी देव धर्म के हो जान्न चाहन्छौ होइन त !? म तिमीलाई देव धर्म के हो भनी भन्छु ।"

राक्षस खुसी भएर भने—"त्यसो भने उपदेश गर्नुस् ।"

महिसासले स्नान गरी आफूलाई शुद्ध पारी एक ठाउँमा राम्ररी आसन जमाई देव धर्मको व्याख्या गर्न शुरु गरे—"संसारमा हिरि (=लोक लज्जा) र ओत्तप्प (=लोक निन्दा) को भय हुनु नै देव धर्म हो । यसैमा समाज टिकेको छ । यसैमा नैतिकता बाँचेको छ । पाप कर्मबाट मानिसहरूलाई टाढा राख्ने क्षमता यसैमा छ । मानिसहरू अरूको अगाडि, समाजको अगाडि गर्नु नहुने अनैतिक कामहरू सामाजिक लाजले गर्दैनन्; त्यस्तै समाजबाट निन्दा हुने डरले कतिपय कुकर्महरूबाट टाढा रहन्छन् । यी लोक लज्जा र लोक निन्दाको भयले नै समाजलाई समाज बनाएको छ; नैतिकताको अस्तित्व जोगाएको छ; कुकर्मलाई पन्छाएको छ । यही नै देव धर्म हो । यही नै ....."

Downloaded from http://dhamma.digital

यो धर्मदेशना सुनेर राक्षस अति प्रसन्न भए। भने—"पण्डित ! म तपाइंको आभारी छु । तपाइंले मलाई देव धर्मको व्याख्या गर्नुभयो । म तपाइंको दुई भाइहरूमा एकलाई फर्काइदिन्छु । भन्नुस्, तपाइँ कसलाई लग्नु हुन्छ ?"

"कान्छो भाइ सूर्यकुमारलाई ल्याऊ ।"

"पण्डित ! गजब ! आफ्नो जेठो भाइ छाडेर, एकै कोखका सन्तानलाई छाडेर कान्छोलाई माग्छौ । तिमीलाई देव धर्मको व्याख्या गर्न आउँछ, तर अनुसरण गर्न आउँदो रहेनछ ।"

"यक्ष ! देव धर्म बुझेको कारणले नै मैले यसो गर्न लागेको हुँ । जुन भाइको लागि हामीले वनवास बस्नुपर्‍यो, जुन भाइले हातमा आएको राज्यलाई छाडी हामीसंग वनवासमा आए, उसलाई नलिइकन हामी मात्रै कसरी फर्कने ? अरूले के भन्ला ? समाजले के सोच्ला ? यही लोक लज्जा र लोक निन्दाको कारणले मैले कान्छो कुमार माग्दैछु ।"

"साधु, साधु, साधु !!! तपाइँलाई साँच्चै देव धर्म आउँदो रहेछ । तपाइंका दुई भाइलाई म फर्काउँछु ।" राक्षसले भने ।

"यक्ष ! तिम्रा पुराना नराम्रा कर्महरूले गरेर अहिले राक्षस हुनुपर्‍यो । अब पनि यस्तै काम किन गर्छौ ? कुकर्म

Downloaded from http://dhamma.digital

छाडी सुकर्ममा लाग।" भनी उपदेश दिएर महिंसासले यक्षलाई पनि बोध गरे।

× × ×

केही वर्षपछि आफ्नो बुबाको देहान्त भएको खबर आएपछि महिंसास कुमार आफ्नो देशमा फर्केर आई धर्मपूर्वक राज्य चलाउन थाले।

★★★

---

यो जातक भगवान्‌ले धेरै सामान थुपार्ने एकजना भिक्षुको कारणले भन्नुभएको हो। यसमा महिंसास कुमार हुने स्वयं बोधिसत्व बुद्ध हुनुहुन्थ्यो।

---

Downloaded from http://dhamma.digital

# कट्ठहारि जातक

अन्तमा झगडा भैहाल्यो। अघिदेखि नै खिचिखिचि त चलिराखेको थियो, अब त झगडा भैहाल्यो। एक दुईपल्ट हात चलिसकेपछि अरू बच्चाहरूले ती झगडा गरिरहेका दुइजना बच्चाहरूलाई छुट्याइदिए। तर यतिबेलासम्म चोट खानै बच्चा रून थालिसक्यो। "बाबु नभएको बच्चाले मलाई कुट्यो" भन्दै रूँदै गरी त्यो केटो घर फर्क्यो।

अर्को बच्चालाई रिस उठेको कम भएको छैन। उसलाई "बाबु नभएको बच्चा" भनेर जिस्काएकोले नै झगडा गर्नु-परेको थियो, अब त्यसै भन्दै रूँदै जाँदा झन रिस उठ्यो। केही नबोली मुख ठूलोपारी घर फर्के।

निन्यारो मुख लाएर फर्केको छोरो देख्नासाथ आमा-चाहिले केही गडबड छ भनेर बुझिहाली। सोधी "के भो छोरो ?"

"आमा, साथीहरू मलाई बाबु नभएको बच्चा भनेर जिस्काउँछन्। के मेरो बाबु छैन र आमा ?" छोरोले सोधिहाल्यो।

आमाचाहिं निरुत्तर भई। केही बोलिन।

Downloaded from http://dhamma.digital

"भन्नुस् न आमा, मेरो बुबा को हो ?" छोरोले ढिपी गऱ्यो ।

लामो सुस्केरा हाली आमाचाहिले भनी "छोरो, वास्तवमा तिमी यो देशको राजाको छोरो हो । तिमी राजकुमार हो । राजा नै तिम्रो बुबा हो । म पनि राजाकी पत्नी हुँ । तिमी पेटमा छँदाखेरी राजाले आफ्नो औंठी दिएर मलाई भनेको थियो कि यदि छोरी जन्मेमा औंठी फालेर छोरीलाई पाल्नु, छोरो जन्मेमा औंठीसंगै छोरोलाई लिएर मकहाँ आउनु भनेको थियो ।"

"त्यसोभए जाउँन आमा, बुबाकहाँ ।" छोरोले भने ।

आमाचाहि विचारमा डुबी ।

× × ×

राजदरबारमा भैरहेको राजसभामा खलबल मच्चियो । सबैको आँखा ढोकामा उभिरहेको एक गरीब बच्चामाथि ।

"बुबा !!" फेरि त्यो बच्चाले राजालाई सम्बोधन गरे ।

राजा आफै चकित । को हो त्यो बच्चा चिन्न सकेन, न त बच्चाको संगै उभिरहेकी आइमाईलाई नै चिने ।

राजाले सोधे "बाबु, के भो तिमीलाई ।"

"मलाई छोरो भनेर बोलाउनुस्, बुबा । म हजुरको छोरो हुँ ।" बच्चाले फेरि भने । राजसभामा कानेखुसी चल्न थाले ।

Downloaded from http://dhamma.digital

"तर मेरो त कोही छोरा छोरी छैन । राजाले भने ।

बच्चाको संगै उभिरहेकी आमाचाहिंले भनी "त्यसो नभन्नुस् महाराज । मलाई बिर्सनुभयो हजुरले ? धेरै वर्ष अघि महाराज उद्यानमा घुम्न आउनु भएको थियो र म त्यही उद्यानमा दाउरा खोज्न आएकी थिएँ । त्यहीं हाम्रो गन्धर्व विवाह भएको थियो । अनि हजुरले मलाई आफ्नो औंठी दिएर भन्नुभएको थियो कि छोरो जन्मेमा यो औंठी पनि छोरो पनि लिएर मकहाँ आऊ । बिर्सनुभयो हजुरले ?

सभामा एकजनाले बिचमा सोध्यो "के तिमीसंग त्यो औंठी छ त ?"

"छ ! हेर्नुस् यही औंठी हो ।" औंठी देखाइदिए । सबैले एक अर्काको मुख हेर्नथाले ।

राजा विचलित भयो । तर तुरुन्तै आफूलाई सम्हालेर भने, "म तिमीलाई चिन्दिन । र आफ्ना गहना र औंठीहरू बरोबर अरूलाई बकस दिने गर्छु । तिमीलाई कसरी आफ्नो स्वास्नी मान्ने ? राजसम्पत्तिको लोभमा जो पनि आफ्नो छोरोलाई राजकुमार बनाउन चाहन्छ । अझ त्यो औंठी पनि मेरो होइन जस्तो छ ।" राजाले ती गरीब आइमाई र गरीब बालकलाई अपनाउन लाज लाग्यो ।

आइमाईलाई रिस उठ्यो र भनी "महाराज ! असत्य नबोल्नुस् । तपाईंले नै यो औंठी दिएर मलाई बचन दिनुभएको थियो । अब सत्य क्रिया नै साक्षी हुनेछ । यदि यो बच्चा

Downloaded from http://dhamma.digital

तपाइंको छोरो हो भने हावामै लट्फिराख्नेछ, हैन भने खसेर मर्ने छ । "यति भनी जुरुक्क आफ्नो छोरोलाई समाती हावामा झुत्याइदिए ।

आश्चर्य ! बच्चा हावामै रह्यो । खसेन । राजसभाका सबै सदस्यहरू चकित भए । राजा जिल्लियो ।

हावामा लट्फिराख्ने बच्चाले भने, "बुबा ! म तपाइंकै छोरो हुं । मलाई पालन गर्नुस् । तपाइँ त आफ्नो जनताको पालन गर्नु हुन्छ भने आफ्नो छोरोलाई पालन गर्नु किन लाज मान्ने ?

सबै राजातिर हेरे । राजाले मुण्टो निहुरायो । अलि क्षणपछि बिस्तारै टाउको उठायो राजाले । अनि हात फैलाउंदै बच्चालाई सम्बोधन गरे, "मेरो छोरो !"

त्यो बच्चा अब राजकुमार भयो र आमाचाहिं महारानी ।

***

---

यो जातक कथा भगवान् बुद्धले कोशल नरेशलाई उसले आफ्नो महारानी वासभ खत्तियालाई दासी पुत्री भनी पदच्युत गरेकोले भन्नुभएको हो । यसमा हावामा लट्फिने बच्चा स्वयं बोधिसत्व हुनुहुन्थ्यो ।

---

Downloaded from http://dhamma.digital

# गामणी जातक

"आचार्य ! अब के गर्नु जाति होला त ?"

"कुमार ! आफ्ना आमा–बाबुलाई छोडेर नजाऊ।"

"तर मेरा शयजना दाइहरूले मेरो बाबुले दिएको एक एक राज्य लिई गइसके। मलाई दिएको राज्य मात्रै मैले किन नलिने ?"

"राजकुमार ! कुरो बुझ्ने कोशिश गर। राजाले दिएको एउटा सानो राज्य लिएर के गर्ने ? तिमीमा बुद्धि छ, हौसला छ, विनम्रता छ। तिमीले सारा देशको शासन गर्नु छ, त्यसैले राज्यको लोभमा नअलमलिऊ। सुन, म भन्छु– तिमी राजाकहाँ गएर भन कि तिमीलाई राज्य चाहिँदैन। तिमी आफ्ना आमा–बाबुलाई नै सेवा गर्न चाहन्छौ, राजकाजमा सघाऊ पुऱ्याउन चाहन्छौ भन। र यसरी राजकुमार, तिमी राजालाई सेवा पनि गर्नेछौ र देशको शासनमा हात पनि हाल्न पाउने छौ।"

"अनि के गर्नें त गुरु ?"

"अनि तिमीले दरबारको उद्यानका राम्रा फलफूल

Downloaded from http://dhamma.digital

जनतामा बाँडिदेऊ, तो सित्तै गइरहेका छन्। कर कम गरिदेऊ। विकासका काम गरिदेऊ। बेरोजगारलाई काम दिलाईदेऊ। न्याय खोज्नेलाई न्याय पुऱ्याइदेऊ। शान्तिपूर्वक, न्यायपूर्वक, धर्मपूर्वक शासन चलाउनमा राजालाई मद्दत गर। राजकुमार! यसरी तिमीलाई राजाले पनि मनपराउने छ, मन्त्रीले पनि मनपराउने छ, भारदारले पनि मनपराउने छ, जनताले पनि मनपराउने छ।"

"आचार्य, हुन्छ! म त्यस्तै गर्छु। म गएर बुबालाई मलाई राज्य चाहिंदैन, तपाईंकै नै सेवा गरेर बस्ने मौका दिनोस् भन्न जान्छु।"

"जाऊ, कुमार! आशिर्वाद छ मेरो।"

× × ×

राजाको देहावसान भयो।

मन्त्री भारदारहरूको फलफल चल्यो। अब कसलाई राजा बनाउने?

सबैले एकै स्वरमा गामणी राजकुमारको नाउँ लियो। ५ वर्षदेखि देशमा सुशासन चलाउनमा हात हुने कान्छो राजकुमार गामणीलाई नै सबैले रूचाए। देशको भलोको लागि आफ्ना एक शय दाइहरूले जस्तै कुनै एक राज्य नलिई दरबारमै बस्ने राजकुमार गामणीलाई नै सबैले राजा रोजे।

कान्छो राजकुमार गामणी अब राजा भयो।

Downloaded from http://dhamma.digital

ससाना राज्य चलाइराख्ने दाइहरूकहाँ यो खबर पुग्यो। उनीहरू छंदा छंदै कान्छोलाई देशको राजा बनाएकोमा उनीहरू रिसले जुर्मुरिए। सबै दाइहरू मिली गामणी कुमार-लाई हमला गर्न तैयार भयो।

× × ×

"आचार्य! मेरा दाइहरू मसंग लडाइं गर्न चाहन्छन्।"

"राजा गामणी! लडाइंको केही अर्थ छैन। दाजु भाइ लडेर के फाइदा? लडाइंले जित्नुभन्दा शान्तिले जित्नु जाति छ। युद्ध–विजयभन्दा शान्ति विजय श्रेष्ठ छ।"

"गुरु! शान्ति विजय कसरी गर्ने?"

"तिमी आफ्नो राज्यलाई १०० भाग गरी दाइहरूलाई बाँडिदेऊ। उनीहरू त्यसपछि तिम्रा शत्रु रहने छैनन्। अज्ज उनीहरू तिम्रै अधिनमा बसेर राज्य चलाउन मात्र सक्छ।"

"हुन्छ, गुरु, म त्यस्तै गर्छु।"

× × ×

राजकुमार गामणीले त्यस्तै गरे। उसका सबै दाइहरूले उसैको अधिनमा बसी राजकाज चलाउनमा मद्दत दिन थाले।

★★★

Downloaded from http://dhamma.digital

यो जातक कथा भगवान्‌ले एक हरेश खाएका भिक्षुको कारणले बताउनु भएको थियो। यसमा राजकुमारलाई सल्लाह दिने गुरु स्वयं बोधिसत्व हुनुहुन्थ्यो।

Downloaded from http://dhamma.digital

# मखादेव जातक

एउटा सेतो फुलेको कपाल ! कालो केशहरूको माझ एउटा सिंगो सेतो फुलेको कपाल । कालो र राम्रा केशहरूको बीचमा एउटा सुक्को सेतो फुलेको कपाल । सुक्क त्यो कपाल पुरै सेतो हुन पाएको थिएन, तर पनि कालो टाउकोमा फुलेको त्यो कपाल प्रकट देखिन्थ्यो । त्यो केश अरू केश भैं लामो थियो तर पनि अलग्ग थियो । बैंसले फुलेको त्यो रौंले मानो आफ्नो अनुभवीपनलाई प्रदर्शन गरिरहेको थियो । त्यो सेतो कपाल आहारको कमि वा वातावरणको खराबीले आएको थिएन, न त त्यो सेतो कपाल अर्धबैंसमै फुलाउने वंशाणुगत गुणको कारणले आएको थियो । त्यो फुलेको कपाल वास्तवमा बुढो-पनको सूचक थियो, आयुको सूचक थियो ।

टाउकोभरि कालो कपालमा एउटा त्यो फुलेको सेतो कपाल । कपाल काटिराख्ने हजामको आँखाबाट त्यो स्पष्टसंग देखिने कपाल लुक्न सकेन । राजाको टाउकोमा एउटा फुलेको कपाल देख्नासाथै राजालाई यो कुरा भन्नुपर्‍यो भन्ने विचार गर्‍यो उसले । अरूबेला भए एक साधारण हजामले त्यस्ता फुलेका कपालहरूको वास्ता गर्दैनथ्यो । तर यो हजामले विशेष

Downloaded from http://dhamma.digital

रूपमा हुकुम पाएको थियो कि फुलेको कपाल देख्यो भने राजालाई खबर गर्नु भनेर। त्यसैले त्यो सेतो कपालमा आँखा पर्नासाथै हजामले बिन्ती गऱ्यो, "महाराज !"

"हुँ ?" राजाले सोध्या।

"तपाइँको टाउकोमा एउटा सेतो कपाल छ। डराइ डराइ मसिनो स्वरले भन्यो।

फनक्क टाउको घुमाएर राजा मखादेवले आफ्नो कपाल काटिरहने नाईको अनुहार हेऱ्यो। अनुहारमा सत्यता झल्किन्थ्यो। एक लामो सुस्केरा हाली राजाले भन्यो, "खै कपाल निकालेर मेरो हातमा राखिदेऊ त।"

विस्तारै थुरु थुरु काँमेको हात बढाई राजाको टाउकोमा रहेको त्यो सेतो कपाल टप्प टिपेर हजामले निकाल्यो। राजाको हातमा राखिदियो।

त्यो सेतो फुलेको कपाल ! राजाले आफ्नो कपालमा आँखा टाँसे। मनमा थरि थरिका तरंग उत्पन्न हुन थाले अनित्यताको प्रतिक त्यो सेतो कपाल ! म पनि बुढो नै भएँ, यो फुलेको कपालले यही सन्देश दिदैछ। मेरो राम्रो केश, स्वस्थ शरीर, रमाइलो परिवार, महान सिंहासन—सबै त छोडेर जानुपर्छ। कपाल फुलिसक्यो, बैंस गइसक्यो। तर लोभिपन गएको छैन। त्यागको भाव जागेको छैन। बूढो भैसकेपछि पनि त्याग चेतना मनमा नआउनु राम्रो होइन।

Downloaded from http://dhamma.digital

त्यसैले म अब त्यागी बन्छु। सबै कुरो अनित्य छ। यो राजपाठ, परिवार छाडी ध्यान भावना गर्न जान्छु। गृहत्याग गर्छु।

यसरी मनमा लिई राजाले भोलिपल्ट नै राजपरिषद्मा घोषणा गरे, "प्यारा साथीहरू! संसार अनित्य छ। सधैं रहिरहने केही छैन। मेरो राज्य, मेरो सिंहासन, मेरो परिवार सबै अनित्य नै हुन्। म पनि बूढो भैसकें। कपाल फुलिसक्यो। त्यसैले मैले गृहत्याग गर्ने निर्णय गरिसकें। भोलि नै म यो राज्य जेठो राजकुमारलाई सुम्पिदिन्छु। पर्सि राजदरबार छाडी जंगलमा गई ध्यान भावना गर्न जान्छु। ज्ञान लाभ गर्न जान्छु।"

भोलिपल्ट! राजकुमारको राज्याभिषेक भयो।

पर्सिपल्ट! राजा मखादेवले आफना बहुमूल्य वस्त्र फुकाली साधारण लुगा लगाई गृहत्याग गरे। ज्ञानको खोजीमा जंगलको बाटो हेरी उतैपट्टि लागे। त्यागको ठूलो नमुना राजा आफैंले प्रस्तुत गरी देखाए।

★★★

---

कथा अनुसार राजा मखादेव जंगलमा बस्न गएपछि केही वर्ष पछि मृत्यु भयो र मिथिला देशको राजा निमिको रूपमा पुनर्जन्म भयो। यो जातक कथामा गृहत्याग गर्ने राजा मखादेव बोधिसत्व हुनुहुन्छ।

---

Downloaded from http://dhamma.digital

# सुखविहारी जातक

पश्चिमी क्षितिजमा थकाइले चूर्ण भइसकेको सूर्य रातो अनुहार भरी डुब्न लागेको थियो। आकाश रातो थियो। बादल रातो थियो। चराचुरुङ्गी आ–आफ्ना गुंडतिर जान थाले। चिसो चिसो मन्द मन्द हावा चल्न थाले।

त्यो ठाउं रमणीय थियो। मध्यान्हको समयले गर्दा झन मनोहर देखिन्थ्यो। चारैतिर ठूला ठूला रूख, थरि थरिका फूलहरू किसिम किसिमका फलहरू यत्रतत्र देखिन्थे। मृग र मयुरहरू नाचिरहेका थिए, चराहरू गाइरहेका। त्यो ठाउं थियो राजाको बगैंचा।

एउटा आँपको रूखमुनि बसिराखेको ऋषिले उद्यानको शोभा झन बढाएको थियो। लामा लामा सेता दाढी हुने त्यो ऋषि अति तेजस्वी देखिन्थ्यो। उसको नजिकै त्यही रूखमुनि उसको प्रधान शिष्य ऋषि लेखिरहेको थियो। ऊ वाहि रमणीय वातावरण देखेर आनन्दित थिए। आफैंमा सन्तुष्ट थिए। ठूलो आनन्द, ठूलो सुख महसुस भइरहेको थियो त्यो शिष्य ऋषिलाई।

Downloaded from http://dhamma.digital

राजाको प्रवेश। उद्यानमा आज राजा एक्लै तपश्वी ऋषिलाई भेट्न आएका थिए। आँपको रूखमुनि आइपुगे। रूखको छहारीमा बसिराखेको तपश्वी ऋषिलाई वन्दना गरे। नजिकै लेखिराखेको आफैंमा डुबेका शिष्य ऋषिले राजा आइपुगेको चालै पाएन। ऊ लेखिनै राखे। राजाले आफूलाई अपमान गरेको ठाने, आफूलाई हेला गरेको ठाने। आफ्नो गुरु ऋषिको नजिकै बसेर भने, "ऋषिज्यू! तपाईंको शिष्य त अति घमण्डी रहेछ।"

"किन र, महाराज?" तपश्वीले सोधे।

"हेर्नुस् न, म आउंदा पनि उठेन तपाईंको शिष्य। शायद आजभोलि राम्रो भोजन पाउंदो होला, त्यसैले फूर्तिकला गर्दैछ। के उसलाई म राजा हुँ भन्ने पनि थाहा छैन? के उसलाई राजा आएपछि कसरी बस्नुपर्छ पनि थाहा छैन? हेर्नुस् न, कति आनन्द लिई मस्तसंग लेटिराखेको!"

तपश्वीले भने, "महाराज, नरिसाउनुस्। यो मेरो शिष्यले ठूलो सुखको अनुभव गर्दैछ। उसको जीवनमा यस्तो आनन्द, यस्तो सुख उसले कहिल्यै पाएको थिएन, त्यसैले ऊ सुख प्रीतिमा लीन छ।"

"किन नि, के पहिले राम्रोसंग खान पाएको थिएन र?" राजाले सोधे।

"महाराज, त्यसो होइन। मेरो शिष्य पनि पहिले तपाईं

Downloaded from http://dhamma.digital

जस्तै ठूलो राजा थियो। ठूलो परिवार, ठूलो सम्पत्ति, ठूलो राज्यको मालिक थियो।"

"अनि ?"

"राजा छउन्जेल सुरक्षित महसुस हुँदैनथ्यो चाहिँदा नचाहिँदा बन्धनमा फसेको हुन्थ्यो। अब ऋषि भयो। बन्धन-बाट मुक्त भयो। भय रहेन। चिन्ता रहेन। स्वतन्त्र भयो। त्यसैले उसले ऋषि जीवनमा ठूलो सुख, ठूलो चैन, ठूलो शान्तिको अनुभव गर्दैछ, महाराज यस्तालाई दोष नदिनुहोस्।" तपश्वीले भने।

राजा चकित भए। आश्चर्य भए। चित्त बुझ्यो। विस्तारै टाउको निहुराई बन्दना गरे।

★★★

---

यो जातक कथा भगवान् बुद्धले राज्य छाडी भिक्षु हुने व्यक्ति भद्दियको कारणमा भन्नुभएको थियो। यसमा मुख्य तपश्वी ऋषि स्वयं बोधिसत्व थिए।

---

Downloaded from http://dhamma.digital

# लक्षण जातक

बाली पाक्ने मौसम आइसकेको हुनाले खेत वरिपरि रहेका वनहरूमा बस्ने जन्तुहरू असुरक्षित भइसकेका थिए। खेत चोर्न आउने चोरहरू, गाउँका ठिटाहरू, शिकारीहरू वनमा पसेर शान्तिप्रिय जंगली जन्तुहरूलाई मार्ने समय त्यही थियो। हातमा भाला, धनुष, बर्छा, गुलेली, पासो लिएर जंगलभित्र चहार्ने मौसम त्यही थियो। ठाउँ ठाउँमा जनावर-हरूलाई फँसाउन खाल्डो खनिएका थिए, पासो राखिएका थिए, जाल बिछाइएका थिए, काँढाको बार बनाएका थिए। शिकारको मौसम आइसकेको थियो।

सिधासाधा र राम्रो देखिने मृगहरू नै प्रायः गरी शिकार हुन्थे। मृगहरूको लागि त्यो मौसम काट्न धेरै गाह्रो हुन्थ्यो। ज्यान जोगाउन धेरै मुश्किल हुन्थ्यो। खोजी खोजी, लखेटी लखेटी मृगहरू मारिन्थे।

मृगहरूको राजालाई यी सबै कुरा राम्रैसंग थाहा थियो। एक हजार मृगहरूको नेता भएकोले ती मृगहरूलाई पनि शिकारी मौसमको शुरुवात हुन लागेको जानकारी दिनु राजा मृगको कर्तव्य थियो। तीमध्ये ५०० मृग जेंठो छोरो

Downloaded from http://dhamma.digital

लक्षणले हेर्थ्यो र अरू ५०० हेर्ने गर्थ्यो कान्छो छोरो काल नाउंको मृगले। दुबै छोराहरूलाई बोलाए उसले, र भने, छोराहरू! शिकारी मौसम शुरु भइसक्यो। खेतका बाली पाकिसक्यो। यो जंगलमा बसेर अब मृगहरुको ज्यान सुरक्षित रहने छैन। पल्लो डाँडामाथि लुक्न जानु जाति होला। म त बूढो भइसकें, डाँडा चढ्न सक्दिन। तिमीहरू आ–आफ्ना अधीनमा रहेका पाँच पाँच शय मृगहरू साथ लिई पल्लो डाँडामा जाऊ। केही दिन त्यहीं बस। खेतमा बाली काटिसकेपछि शिकारी मौसम पनि सकिसक्ने छ। त्यतिबेला मात्र फर्केर आऊ। यसो गरेमा मात्र मृगहरू शिकारीको शिकार हुनबाट बच्न सकिन्छ।"

जाति कुरो गऱ्यो बूढोले भन्ने मनमा लाग्यो दुबै छोराहरूलाई। दुबै मृगहरू आफ्ना आफ्ना गण लिएर डाँडामा जान तैयार भए। कान्छो कालमृग चतुर थिएन, दूरदर्शी थिएन। डाँडामा जानलाई जुनपायो उही समयमा जाने गरे। बिहान पनि, दिउंसो पनि, साँझ पनि, बेलुका पनि गाउँकै छेउछेउबाट डाँडातिर लाग्न थाले। त्यो मौसममा मृगहरू जंगल छाडी अन्तै लाग्छन् भन्ने कुरो गाउँलेहरूलाई पनि थाहा थियो। र त्यसैले मृगहरू आउला र मारुँला भनी ढुकी बस्ने शिकारीहरू थुप्रै थिए। कालमृगका अनुयायीहरू मनपरेकोबेला मनपरेको बाटोबाट जंगल छाड्न थालेपछि धमाधम शिकारीको शिकार हुन पुगे।

Downloaded from http://dhamma.digital

जेठो लक्षण मृग बुद्धिमान थियो, दूरदर्शी थियो। आफ्ना अनुयायीहरू लिएर मध्य रातमा जंगल छाड्ने भए। शिकारीहरू हुन्दैनथे, भए पनि अंध्यारोमा शिकार गर्न सकिंदैनथ्यो।

केही महिना बितिसकेपछि बाली काटीसकेपछि शिकारी मौसमको अन्त भयो। डाँडातिर लागेका मृगहरू पुनः जंगलमा फर्कन थाले। यसपाली पनि मूर्ख कालमृगले आफ्ना पिछलग्गु-हरूलाई मनपरे बेला मनपरे ठाउँबाट ल्याए र शिकारीहरूको जालमा फसें। लक्षण मृग आफ्नो गण संगै राती सबै सुतिरहेको बेलामा फर्के।

बूढो मृगले दुबै छोराहरूलाई देखे। एकजना आफ्नो ५०० मृगहरूको बथान लिई सकुशल फर्केको थियो, अर्को कान्छो मृग आफ्ना ५०० मृगहरू गुमाएर एक्लै फर्केको थियो। मूर्ख भएकोले कालमृगले आफ्नो मृग गण गुमाइसकेको थियो। अब ऊ एक्लो थियो।

★★★

---

यो जातक कथा भगवान्ले देवदत्तको कारणले भन्नु-भएको थियो। यसमा बूढो मृग हुने स्वयं बोधिसत्व हुनुहुन्थ्यो।

---

Downloaded from http://dhamma.digital

# निग्रोध मृग जातक

शिकारीलाई शिकारको मतलब हुन्छ अरू केहीको चासो हुँदैन। मनोरञ्जन देख्छ उसले शिकार गर्नुमै। उसलाई आफ्नो कर्तव्यको चासो हुँदैन। उसलाई अरूको कामको चासो हुँदैन। उसलाई निर्दोष जीवहरूको ज्यानको चासो हुँदैन। शिकार गर्नु एक नशा हो शिकारीको।

बनारसको त्यो राजा पनि ठूलो शिकारी थियो। आफ्नो काम, अरूको कामभन्दा शिकारीको काम नै ठूलो हुन्थ्यो, उसको लागि। बेला न कुबेला जनताहरू भेला गरी जङ्गलमा शिकार गर्न जाने गर्थ्यो। र शिकार थिए मृगहरू।

जनताहरू दिक्क भइसकेका थिए। कामकाज छाडी सधैं राजाको पछि पछि लागि मृगहरू खोज्न जानाले उनीहरूलाई खाना पानी जुटाउन पनि गाह्रो भएर आयो। तब परस्पर सल्लाह गरी सबैजना मिली जङ्गलमा गई मृगहरू सबैलाई घेरा पारी तिनीहरूलाई धपाउँदै राजाको उद्यानमा ल्याइदिए। राजालाई खबर दिइयो। हेर्न आए। सबै मृगहरू उसको उद्यानमा थिए।

Downloaded from http://dhamma.digital

तो मृगहरूमा दुई मृगहरू सुनौला थिए, आकर्षक थिए, लोलालु थिए। दुबै राजा थिए। उद्यानमा दुई समूहका मृगहरूमा हरेक समूहको राजा सुनौला मृग थिए। राजाले दिनहुँ एउटा मृग मार्ने हुकुम दिए, तर ती दुई सुनौला मृगहरूलाई चाहिं कसैले नमार्नु भनेर घोषणा गरे। अब राजालाई शिकार जानु परेन। दिनहुँ एउटा मृगलाई मारी उसको अगाडि ल्याइदिन्थ्यो।

दिनको एउटा मृग मारिनथाल्यो। जो भेटियो उसैलाई मारिने भयो। कुनै पनि मृग कति दिन बाँच्ने तो कसैलाई थाहा नहुने भयो। मृगहरूको भविष्य अनिश्चित भयो। सधैं डराएर, तर्सिएर दिन बिताउने बाहेक अरू केही नगर्ने भए। तब दुई सुनौला मृगहरू आपसमा सल्लाहं गरे। दिनको एउटा मृग आफैले छानी मर्न पठाउने निधो गरे। पालैपालो गरी दुई समूहका मृगका बथानहरूबाट मर्ने मृग छानिने भयो।

त्यो दिनदेखि आ-आफ्नो पालोमा मृगहरू सरासर गएर उद्यानको छेउमा मृग काट्नलाई बनाएको वेदीमा टाउको राख्न जान्थे। कसाईले आई आरामसंग टाउको काटिदिन्थ्यो। मर्ने पालो एकदिन एक समूहको मृगको अर्को दिन अर्को समूहको मृगको आउन थाल्यो।

यसरी धमाधम मृगहरू काटिन थालियो।

एकदिन।

Downloaded from http://dhamma.digital

मर्ने पालो आयो एउटी पेट बोकेकी मृगणीको । मृगणी-लाई आफ्नोभन्दा आफ्नो पेटभित्र रहेको बच्चाको ज्यानको माया लाग्यो । उनले गई आफ्नो राजा सुनौला मृगकहाँ भन्न गई, "राजन ! म दुई जिउकी छु । आज मेरो मर्ने पालो । तर मलाई मार्‍यो भने मेरो बच्चा पनि मर्ने छ । दुईवटा प्राण एकैदिन जानेछ । मेरो बच्चाले संसार कस्तो हो नदेखिकनै, जन्मन नपाउँदै मर्नु पर्नेछ । त्यसैले, महाराज, मेरो आजको मर्ने पालो सारिदिनुस् । मेरो सातो कुनै अर्कोलाई मर्न पठाउनुस् ।"

"तेरो पालो आएको तैं जानुपर्छ । तेरो मर्ने पालोमा को जान्छ र मर्न ? तँलाई जसरी प्राणको माया छ, अरूलाई छैन र ? म राजा हुँ, भेदभाव कसरी राखौं । आज तँलाई नपठाउँ, भोलि अर्कोले त्यसै भन्न आउला । तैं जानुपर्छ ।" राजाले भन्यो । उ निर्दयी थियो । राजा भएता पनि प्रजाको दुःख बाँडिलिन चाहँदैनथ्यो ।

त्यो मृग–राजालाई भनेर केही शीप नलाग्ने देखी मृगणी दोस्रो मृग समूहको सुनौला राजाकहाँ बिन्ती गर्न गई, "महाराज ! म अर्को समूहको मृगणी हुँ । म गर्भिणी छु । पेटमा बच्चा छ । निर्बोध निर्दोष बच्चा । आज मर्न जाने पालो पनि मेरो । म मरें भने मेरो बच्चा पनि मर्नेछ । त्यसैले मेरो ठाउँमा आज कुनै अर्को मृगलाई मर्न पठाउनुस् । म कृतज्ञ हुनेछु । तपाइंको भलो हुनेछ ।"

Downloaded from http://dhamma.digital

सुनौला मृगले मृगणीको आँशु भरिएका दयनीय आँखा-हरूमा एकछिन घोरिएर भन्यो–"ठीक छ। तिमी जाऊ। म कुनै अर्को मृगलाई तिम्रो ठाउँमा पठाइदिन्छु।"

"हजुरको जय होस्!" भन्दै मृगणीले आफ्नो बाटो तताई।

× × ×

शाही कसाँई तीन छक्क परे।

हत्तनपत्त हातको खुकुरी त्यहीं हुत्याई दौडेर गई राजा-लाई भन्न गए। राजा पनि हतार–हतार गर्दै उत्सुकतासाथ हेर्न आए।

मृग काट्ने वेदीमाथि टाउको राखी आँखा चिम्ली बसिराखेको थियो। सुनौला मृग। राजालाई औधि मनपर्ने सुनौला मृग आफै मर्न आएको थियो। राजा पनि चकित भयो।

राजाले सोधे, "सुवर्ण मृग! तिमी किन मर्न आएको? मैले त तिमीलाई अभय दान दिन आएको थिएँ।"

आँखा चुलुक्क उघारी सुनौला मृगले भन्यो–"राजन्! आज मर्ने पालो अर्को समूहकी एउटा गर्भ बोकेकी मृगणीको थियो। उनले मकहाँ उनको सातो कुनै अर्को मृगलाई पठाइ-दिन याचना गर्न आई। मर्ने पालो म अरू कसलाई दिउँ?

Downloaded from http://dhamma.digital

कोही पनि त मर्न चाहँदैनन् । त्यसैले म आफै मर्न आएको हुँ ।"

राजा प्रभावित भए । भने—"तिमी धेरै दयालु रहेछौ । भैगो मैले ती गर्भिणी मृगलाई पनि जीवन दान दिएँ । अब तिमी जाऊ ।"

"तर म त राजा हुँ ! मेरो जनता एक एक गरी दिनहुँ मर्न जान परेको हेर्नुपर्छ मैले । आजको जस्तो अवस्था भविष्यमा आउँदैन भन्न सकिदैन । त्यसैले मलाई आजै मार्नुस् ।" सुनौला मृगले फेरि थप्यो ।

राजा साँच्चै प्रभावित भयो । सुनौला मृगको आफ्नो जनता प्रतिको करुणा देखी मोहित भयो । र राजाले निर्णय गरे कि आइन्दा कुनै पनि मृगलाई मार्ने छैन, निर्दोष जीव-हरूको हत्या गर्ने छैन, शिकार गर्ने छैन ।

***

---

यो जातक कथा भगवान् बुद्धले कुमार काश्यपको आमाको सम्बन्धमा भन्नुभएको थियो । यसमा आफ्नो ज्यान दिएर पनि मृगणीको प्राण बचाउन खोज्ने सुनौला मृग स्वयं बोधिसत्व थिए ।

---

Downloaded from http://dhamma.digital

# कण्डित जातक

उनी असाध्यै राम्री थिई। बान्कि परेको आँखा। सुडौल शरीर। गठिलो कमर। हिंडाइमा लचकता। बैंसले छल्किएको यौवन।

त्यस्ती राम्री मृगणीलाई देखेर मुग्ध भयो त्यो मृग। त्यो मृगणीको मखमली भुवा देखेर मृग मोहित भएको थियो। लामा लामा चार खुट्टाहरूले उसलाई लोभ्याएको थियो। मृगणीको रूप र सौन्दर्यको जालमा फंसिएको थियो त्यो मृग। बस्दा, उठ्दा, दौड्दा, सुत्दा सधैं हरहमेशा उही मृगणी झल्झली आँखामा आउने भयो। त्यो मृग प्रेम रोगमा फँसि-सकेको थियो।

मृगणी जहाँ जहाँ जान्थी, मृग पछि पछि लाग्ने भयो। माथि गएमा माथि, तल गएमा तल जाने भयो। दिन हो या रात, बिहान हो या दिउँसो, मृगणीको पिछा गर्ने भयो।

बालि काट्ने समय थियो। राजगृहका मानिसहरू हर्षित थिए, हंसिला थिए। र साथै चौकस्सा थिए। त्यो मौसम मृगहरूले खेतमा आई बालि बिगार्ने मौसम थियो। त्यसैले

Downloaded from http://dhamma.digital

राजगृह वासिन्दाहरू सतर्क थिए। शिकारीहरूको फुर्सद थिएन। मृगको मासु स्वाद लिई खाने मौका थियो। मृगलाई मारी पुरुषार्थ प्रदर्शन गर्ने मौका थियो। गाउँमा जंगलमा, झाडीमा, रूखमा शिकारीहरू शिकारलाई ढुकेर बस्ने गर्दथे।

मृगणी गाउँकी थिई। पहाडबाट झरेर बेसीमा आउनु पर्ने थिई। उनी तल झर्न तयार भई।

मृगले यो कुरो थाहा पायो। आफ्नी प्रिय मृगणी पहाड छोडी बेसीमा झर्न लागेको चाल पाउन ऊ पनि पछि पछि लाग्न आतुर भयो। आफ्नो इच्छा मृगणीको अगाडि जाहेर गर्न पुग्यो।

मृगणीले भनी, "हेर तिमी पहाडका हौ। बेसीमा झर्नु पर्ने कारण केही छैन।"

मृगले भन्यो, "तर म तिमी बिना यहाँ के गरिराख्ने? तिमी नै मेरो ज्यान हो, तिमी नै मेरो मुटु हो त्यसैले म पनि पछि लाग्छु।"

मृगणीले सम्झाउने कोसिस गरी, "तर तल झर्नु खतरनाक छ। शिकारीहरू ठाउँ ठाउँमा हुन सक्छन्। तिमी पहाडका। त्यतिको अनुभव तिमीमा छैन। त्यसैले जिद्दी नगर।"

मृगले थपे, "तर म कसरी बाँचिराखुँ। तिमी मेरो हृदयको टुक्रा, मुटुको धडकन, दिलको ढुकढुकी हो। तिमी नै

Downloaded from http://dhamma.digital

रहेन भने मेरो जिन्दगीमा बाँकी नै के रह्यो र ? त्यसैले मलाई पनि साथै लग ।"

मृगणीले पुनः भनी, "भावुकताको कुरो होइन । जीवनको सवाल हो । तिमी जस्तो अनुभवहीन मृग संगै लागेर तल झरेमा मेरो समेत ज्यान जोखिममा पर्न सक्दछ । त्यसैले मूर्ख कुरा नगर । मलाई जान देऊ ।"

तर मृग मानेन । ऊ प्रेमले गर्दा अन्धो थियो । कामरसमा डुबेको थियो । ऊ पागल थियो ।

मृग मृगणी रातको समय पारी पहाडबाट तल झोर्ले । सकेसम्म आवाज नआउने पाईला चाल्दै चनाखो हुंदै झर्न लागे । एक ठाउँमा मृगणीले मानिसको गन्ध पाइहाल्यो । तर सिकारी कहाँ लुकेको छ त्यो चाहिं ठम्याउन सकिन । उनी कलाख थिई । कुरा मिलाई मृगलाई अघि अघि पारी आफू पछि पछि लागी ।

मूर्ख मृग आफ्नै धुनमा थियो । उनी प्रेमरसमा मस्त थियो । आफ्नै धुनमा थियो ।

अकस्मात ! बायाँतिरबाट एक तीर आई मृगको गर्धनमै धस्न आयो । एक पटक बेस्सरी चिच्याई मृग बुर्लुक्क त्यहीं भुईमा पछारियो । ठाउँ मऱ्यो । पछि आइराख्ने मृगणी चाहिं अगाडी मृगको हालत देख्नासाथ उल्टो पाइला गरी कुल्लेलम ठोकी ।

Downloaded from http://dhamma.digital

शिकारी झाडीबाट छाती फुलाएर निस्के। अगाडी आफ्नो वाणले शिकार भएको मृगलाई देखेर गर्व महसुस गऱ्यो उसले। अनि कमरबाट चक्कु निकाली मृगको मासु काट्न थाले।

त्यसै वनमा रहेको देवताले यो घटना देखेको थियो। ऊ आश्चर्य थियो त्यो मूर्ख मृगलाई देखेर। त्यो मृग आफ्नो आमाको लागि मरेको थिएन, आफ्नो बुबाको लागि मरेको थिएन। ऊ मरेको थियो कामवासनामा वशिभूत हुनाले। ऊ प्रेममा अन्धो थियो। ऊ मूर्ख थियो।

★★★

---

यो जातक भगवान् बुद्धले एकजना कामतृष्णामा लागेको भिक्षुको कारणले भन्नुभएको थियो। यसमा वन देवता बोधिसत्व थिए।

---

Downloaded from http://dhamma.digital

# वातमिग जातक

राजाको बगैंचा अति भव्य थियो। राम्रा राम्रा फूल र मीठा मीठा फलहरूले भरिएको थियो। ठूला ठूला रूख, थरि थरिका बोटहरू चारैतिर थिए। घाँस सधैं साना साना हुने गरी काटिराख्थ्यो। बोट बिरुवाहरू रंग, बास र उचाई अनुसार ठाउँ ठाउँमा लगाएका थिए। झाडी उम्रन पाउँदैनथ्यो। झरेका पातहरू, खसेका फलहरू र मुर्झाएका फूलहरू देखिदैनथ्यो। र बगैंचाको यस्तो भव्यताको जिम्मेवार थियो संजय माली। उ आफ्नो जिउ ज्यान लगाउँथ्यो राजाको बगैंचा मनोरम पार्न।

बेलाबखतमा बगैंचामा फलेका रसिला फलफूलहरू संजय मालीले राजाकहाँ चढाउन ल्याउँथ्यो। एकदिनको कुरो। फलफूल चढाउन ल्याउने संजय मालीलाई राजाले सोधे, "माली! हाम्रो बगैंचामा त खुबै मिठा फलहरू फल्दा रहेछन्। तिमीलाई त्यत्रो ठूलो बगैंचा सम्हाल्न गाह्रो त लाग्दैन?"

"लाग्दैन महाराज! म आफ्नो कामदेखि पूर्ण सन्तुष्ट छु।"

"फूलहरू कस्तिका फुल्छन् नि?" राजाले सोधे।

Downloaded from http://dhamma.digital

"बगैंचा धपक्कै छ थरिथरिका फूलहरूले गर्दा । सरकार पनि एकपल्ट सवारी होइबक्सियोस् न ।" संजयले प्रार्थना गरे ।

"आउंछु नि ! केही कठीनाई त परेको छैन हैन तिमी-लाई ? बराबुबज्री पशुपंक्षीहरू दुःख त दिदैनन् तिमीलाई ?" राजा राम्रो मुडमा थिए ।

"दिदैन, महाराज । अँ, एउटा कुरा सम्झें । आजभोलि बगैचामा एउटा अति राम्रो वातगामी मृग आउने गर्छ ? तर म देख्यो कि भागिहाल्छ ।"

"वातगामी मृग ! यी मृगहरू त अति दुर्लभ मृग हुन् । मान्छेको सामु नै पर्दैनन् । होइनन् र ?"

"हो, महाराज सत्य हो ।"

"संजय ! के तिमीले त्यो मृग मलाई ल्याइदिन सक्छौ ? के यो असम्भव काम तिमी गर्न सक्छौ ?" राजाले सोधे ।

"असंभव केही छैन, महाराज । केही दिन भित्रै म त्यो मृगलाई यी दरबार भित्रै ल्याइदिन्छु । बरू मलाई केही मह चाहिन्छ ।" संजयले वचन दिए ।

भोलिपल्ट संजय गएर बगैंचाका घाँसहरूमा मह लगाइ-दियो । मीठो घाँस खान पाएर त्यो मृग पनि पल्के । हुंदा हुंदा त्यो मृग मान्छेदेखि नडराउने भयो । संजयको अगाडि अगाडि

Downloaded from http://dhamma.digital

आई घाँस खान आउने भयो । केही दिनपछि मालीको हातमा रहेको मह लिप्त घाँस खान नहिचकिचाउने भयो ।

थोरै दिनपछि अब त मैले यो मृगको विश्वास जितिसकें भन्ने लागिसके पछि संजय मालीले बाटोभरि त्यस्तै घाँसहरू छरी मृगलाई डोऱ्याउँदै राजाको दरबारभित्र लगे । मृग भित्र पुग्नासाथ उम्कन नपाओस् भनेर चारैतिरका झ्याल ढोकाहरू बन्द गरिए । बिचरा मृग फँस्यो नराम्रोसंग ।

राजा आए । विवश विचरा मृगलाई देखे । अनि बाध्य भए ऊ—"साँच्चै संसारमा रस तृष्णाभन्दा खराब अरू केही छैन । कुनै मान्छेको सामु देखा पनि नपर्ने वातगामी मृग आज रस तृष्णामा बाँधिएर यहाँ फस्न आए । कस्तो तृष्णा हो यो जसमा फसेर आफ्नो प्राण पनि खतरामा पार्न हिचकिचाउँदैन । धिक्कार छ यस्तो तृष्णालाई !"

राजालाई माया लागेर त्यो मृगलाई फेरी जंगलमै छोड्न पठाए ।

★★★

---

यो जातक भगवान् बुद्धले काम तृष्णामा फसेर भिक्षुत्व त्याग गर्ने चुल्ल पिण्डपातिक तिष्यको सम्बन्धमा भन्नुभएको थियो । यसमा राजा स्वयं बोधिसत्व थिए ।

---

Downloaded from http://dhamma.digital

# खरादिय जातक

टाढैबाट आइराखेको आफ्नी बहिनीलाई त्यो मृगले देख्यो। धेरै दिनपछि आएकी आफ्नी बहिनीलाई देखेर हर्षित भयो। हतार हतार पाइला चाली बहिनी मृगणीलाई स्वागत गर्न मृग अगाडि बढ्यो।

"आऊ, बहिनी ! धेरै दिनपछि यहाँ आइछौ।" मृगले टिप्पणी गऱ्यो।

"दाईदाई एउटा कुरो भनौं भनेर आएकी।" मृगणीले भनी।

"भन्नु न के हो ! दाई हुँ, सकेजति त गरिहाल्छु नि।"

"कुरो अरू होइन। तपाईंको भाञ्जा धेरै खराब र अट्टेरी छ। मूर्ख पनि त्यतिकै छ। कसैले भनेको मान्ने होइन। अब त जवान पनि भैसक्यो।" बहिनीले भनी।

"अनि !"

"अब उसलाई हाम्रो मृगमाया सिकाउनु पऱ्यो। मृगहरूको जिउने कला बताइदिनु पऱ्यो। शिकारीहरूको चाल बुझ्ने बनाइदिनु पऱ्यो। जालबाट फुत्कने उपायहरू सिकाइदिनु पऱ्यो। त्यसैले दाईकहाँ आएकी।"

Downloaded from http://dhamma.digital

"हुन्छ त। म सिकाइदिन्छु नि भाञ्जालाई मृगमाया। तिमीलाई थाहा छँदैछ कि म कति व्यस्त रहन्छु भनेर। तैपनि भाञ्जाको लागि बिहान केही समय निकालौंला नि। आजै भाञ्जालाई किन नल्याएको त संगै ?" मृगले सोध्यो।

"आऊ भनेको त हो नि। तर टेर्दै टेर्दैन मैले भनेको हो।" मुख बांगो पारी मृगणीले भनी।

"ठीक छ। भोलिदेखि बिहान् मकहाँ पठाई देऊ। म उसलाई चाहिने विद्या सिकाइदिन्छु।"

"हुन्छ त।" भन्दै बहिनी मृगणीले आफ्नो बाटो तताई।

अर्को दिन। भाञ्जा आएन।

दोस्रो दिन। मृग कुरीराखे तर भाञ्जा आएन। तेस्रो दिन—भाञ्जा त्यो दिन पनि देखा परेन। चौथो दिन—मृग कुरेकी कुर्‍ै गरे व्यर्थ। पाँचौं दिन—त्यो दिन पनि सित्तै गयो। छैठौं दिन—अट्टेरी भाञ्जा त्यो दिन पनि आइपुगेन। सातौं दिन—भाञ्जा मृग मृगमाया सिक्न आएन।

आठौं दिन। भाञ्जा आउला कि भनेर कुरेर बसिराख्ने मृगले टाढैबाट आफ्नी बहिनीलाई आइराखेको देख्यो। बहिनी रोएर आइराखेकी रहिछ। सोध्यो मृगले, "किन रोएकी ?"

"दाई ! बित्यास पार्‍यो। तपाइंको भाञ्जा हिजो बेलुका एक निष्ठुर शिकारीको जालमा फस्यो। हिजै उसलाई

Downloaded from http://dhamma.digital

टुक्रा टुक्रा गरी शिकारीले मारेर लगिसक्यो। अब के गरौं? के भनौं?" बहिनी रोई।

एक लामो सुस्केरा हाली मृगले भन्यो--"के भन्ने अब! सात दिनसम्म त ऊ मकहाँ मृगमाया सिक्न पनि आएन। अट्टेरी भएपछि यस्तै हुन्छ बहिनी। उसको बुद्धि नै यस्तो रहेछ त रोएर के गर्ने? जो अट्टेरी छ, ऊ मूर्ख हो। उसले आफूलाई पनि हानी गर्छ, अरूको पनि। त्यसैले शोक नगर। आऊ एकैछिन यहीं बस।"

मृगणी बिस्तारै दाईको नजिकै बस्न गई।

***

---

यो जातक बुद्धले एक अट्टेरी भिक्षुको कारणले बताउनु भएको थियो। यसमा दाई मृग हुने बोधिसत्व थिए।

---

Downloaded from http://dhamma.digital

# तिपल्लत्थमिग जातक

मृग सानो थियो । राम्रो थियो । चकचके थियो । उसको बालकपनको स्वभाव खेल्ने उफ्री उफ्री यताउता दौडने थियो ।

उसको लागि चारैतिर जे जति थिए, सबै खेलौना थिए । घाँसपात ढुंगा-मुढा सबै प्रकृतिले उसैलाई खेल्नको लागि बनाइदिएको सम्झन्थ्यो उसले । हरेक वस्तु उसको मात्र खेलौना थियो । उसलाई सबै रुचि लाग्थ्यो । सबैले उसलाई रुचाउंथे ।

अचानक ! उफ्री उफ्री खेलिराख्ने त्यो बालक मृगको दाहिने खुट्टा एउटा पासोमा फस्यो । उसले आफ्नो खुट्टा फुत्काउन खोजे । सकेन । ऊ झन उफ्र्यो । अर्को खुट्टा पनि पासोमा पर्‍यो । ऊ छटपटायो । अर्को एउटा खुट्टा पनि फंस्यो । अब ऊ विवश थियो । तीन खुट्टाहरू पासोमा परिसकेको त्यो बालक मृग अब असहाय थियो । बरू चल्नु व्यर्थ ठानेर उनी चल्न पनि छाडे । एकपल्ट चिच्याए ।

नजिकै घाँस खाइराख्ने आमा चाँहिले छोरोका चिच्या-हट चिनी हाली । हत्तनपत्त दौडेर आई । आफ्नो प्यारो छोरो

शिकारीको जालमा फसिराखेको देखी। उनले केही गर्न सक्ने थिइन। चुपचाप आँखाबाट आँसु चुहाउँदै उनी फर्की।

× × ×

"दाई, तपाइँको भाञ्जा मृग शिकारीको जालमा फसेछ।" आमाचाहिं मृगणीले गएर आफ्नो दाईलाई भन्न गई।

मामाचाहिं मृग मौन।

"दाई, मेरो छोरो तपाइँकहाँ मृगमाया सिक्न आउंथ्यो त। शिकारीहरूको चाल बुझ्न, उनीहरूको जालबाट मुक्त हुने उपाय सिक्न आउँथ्यो त। के ऊ सधैं यहाँ मृगमाया सिक्न आउँदैनथ्यो र?"

"आउँथ्यो।"

"के उसले मन लगाएर सिक्दैनथ्यो र?"

"सिक्दथ्यो।"

"के उसले बुझ्दैनथ्यो र?"

"बुझ्दथ्यो।"

"त किन त आज उनी शिकारीको पासोमा फसेछ। मेरो एक्लो छोरो हो। कसरी यो वियोग सहूँ म?" आमा मृगणी रोई।

Downloaded from http://dhamma.digital

"बहिनी, तिमी नरोऊ। मेरो भाञ्जालाई केही हुने छैन। उसले राम्रोसंग मृगमाया सिकिसकेको छ। तिमीले सुर्ता नगर। ऊ फर्कने छ।" मामा मृगले ढाढस दियो।

"कसरी सुर्ता नगरौं? मेरो छोरो पासोमा फसिसकेको छ त्यस्तो पासोमा जसलाई कुनै पनि मृगले फुत्काउन सक्दैन।" आमाचाहिंले भनी।

"धन्दा नमान। मैले उसलाई राम्रोसंग मृगमाया सिकाई दिएको छु। उसलाई केही हुने छैन।"

आमाचाहिं सुकसुक रोइराखी।

× × ×

साँझपख सूर्यले आफ्नो अनुहार रातो पारी पश्चिमी दिशामा मुण्टो लुकाउन गइसकेपछि शिकारी पनि अब त पासो बटुल्न जाने समय भो भन्दै गाउँबाट निस्के। बिहान सबेरै पाँच ठाउँमा जाल बिछाएर गएको थियो उसले। ती पाँच जालहरूमा कुनै न कुनै त शिकार फसिहाल्ला भन्ने ठूलो आकांक्षा थियो।

जंगलमा पस्यो। पहिलो जाल हेर्न गयो। रित्तो थियो मुख बिगार्दै रित्तो पासोलाई पोको पारे उनले। अगाडि बढेर दोस्रो जाल हेर्न गयो। यसपालि पनि ऊ हिस्स पर्‍यो। तेस्रो-तिर लम्क्यो। कुनै शिकार थिएन। मुख मलिन भयो उसको।

Downloaded from http://dhamma.digital

चौथोमा हेर्न गयो। त्यो पनि खालि। अलि निराश भयो शिकारी। त्यो दिन सिर्त्त गएको ठाउँदै पाँचौ र अन्तिम पासोतिर पाइला चाल्यो। मनमा हरेक कुरा खेलिरहेको थियो – रित्तै फर्कनुपर्ने पो हो कि ?

पाँचौं पासो टाढैबाट देखापर्‍यो। कुनै मृग त्यो पासोमा अल्झिएको टाढैबाट स्पष्ट देखन सकिन्थ्यो। शिकारीको मन उफ्रचो। एउटा शिकार त फसिहालेछ भन्दै मख्ख हुँदै छिटो छिटो पाइला चाली पासोतिर लम्कियो। नभन्दै पासोमा एक बालक मृग फसेको थियो। उत्तानो परिसकेको थियो। श्वास चल्दैनथ्यो। भुँडि फुलिसकेको थियो। शरीर अकडिसकेको थियो। मृग मरिसकेको थियो।

मरिसकेको मृगको हात खुट्टामा बेरिएका पासोका बन्धनहरू फुकालिदिए हर्षित हुँदै। रित्तो हात त फर्कनु परेन भनेर मख्ख हुँदै पासो पोको पार्नमा लागे। मरिसकेको बालक मृगको नरम नरम मासु खान पाउने विचारले मन पुलकित भयो। हतार हतार गरी पासो पोको पार्नमा लागे ऊ !

अचानक खत्र्याक खुत्रुक आवाज आयो। फनक्क फर्केर हेर्छ त आफूले मर्‍यो भन्ठानेर पासोबाट फुकालेको मृग बुर्लुक्क उफ्री कुल्लेलम ठोकेको। मृग त मरेको रहेन छ। मात्र मृत्यु भएको स्वांग गरेको रहेछ !! केहीबेर त शिकारी हक्क न बक्क भयो। अनि नजिकैको आफ्नो चक्कु लिंदै आफूलाई मृत्यु भएको मान पारी छकाएर जाने मृगलाई लखेट्न पुगे।

Downloaded from http://dhamma.digital

तर कहाँ भेट्ने र ?! निराश शिकारीले लामो सुस्केरा हाली रित्तो हात फर्कनु पऱ्यो ।

आफ्नो मामाबाट सिकेको मृगमायालाई उपयोगमा ल्याई मरेको मृगको स्वांग गरी शिकारीको जालबाट फुत्केको बालक मृग उफ्रन्दै आफ्नो आमालाई भेटाउन बेस्सरी कुदे ।

***

---

यो जातक कथा भगवान् बुद्धले प्रयत्नशील विद्यार्थी राहुलको सन्दर्भमा भन्नुभएको थियो । यसमा बालक मृगलाई मृगमाया सिकाउने मामा मृग स्वयं बोधिसत्व थिए ।

---

Downloaded from http://dhamma.digital

# मारुत जातक

विवाद गर्नलाई एक विषय चाहिन्छ। विषय चाहे जस्तोसुकै होस्, विवाद गर्न सकिन्छ। विवाद गर्नलाई जान्ने बुझ्ने हुनुपर्ने खाँचो छैन। ठाउँ हेरेर विवाद गर्नुपर्छ भन्ने कडा नियम पनि छन्। अवसर पारेर विवाद गर्नुपर्छ भन्ने पनि निश्चित छैन। उचित विषयमै विवाद गर्नुपर्छ भन्ने पनि केही छैन। व्यक्ति हेरेर विवाद गर्नुपर्ने कानून पनि छैन। विवाद गर्न रूचाउनेलाई कुनै कुराको खाँचो छैन, उनीहरूलाई चाहिन्छ, विवाद गर्ने एउटा विषय र त्यसैमा विवाद शुरु गर्न थालछन्।

ती दुई जन्तु पनि विवाद प्रिय थिए। एक सिंह, अर्को बाघ। दुवै आ–आफ्ना पूर्वाग्रहले ग्रसित। अभिमानले चूर। यस्ता दुई जन्तुहरूको जम्को भएको थियो। विवाद चल्यो। दुवै आ–आफ्ना पक्ष जिताउन कस्सिएका थिए। हार मान्ने दुवै चाहन्दैनथे। विवाद चर्को भयो। विवाद लम्कियो।

विवादको विषय थियो—'जाडो कहिले हुन्छ?' सिंह भन्थे—जाडो शुक्लपक्षमा हुन्छ। बाघ गर्जन्थे—जाडो कृष्ण-पक्षमा हुन्छ। आफ्नै पक्षलाई मात्रै ठीक ठान्थे दुवैले।

Downloaded from http://dhamma.digital

धेरै लामो समय विवाद गरिसकेपछि पनि कुनै टुङ्गो लागेन। साँझ भइसक्यो। भोक पनि लाग्न थाल्यो। अनि अन्तमा ती दुबैले निर्णयको लागि त्यही वनमा बसिराख्ने एक ऋषिसंग सोध्न जाने निधो गरे। दुबै जन्तुहरू ऋषिकहाँ गई आफ्नो विवाद भन्न गए। सिंहले आफ्नो पक्षमा तर्क दिए, बाघले आफ्नो। दुबैको पक्ष सुनिसके पछि ऋषिले भने— 'जाडो शुक्लपक्षमा मात्र हुने होइन, न त कृष्णपक्षमा मात्र। जाडो त्यतिबेला हुन्छ जब चिसो हावा चल्छ।

दुवै जन्तुहरू जिल्लिए।

★★★

---

यो जातक बुद्धले दुई भिक्षुहरूको सन्दर्भमा भन्नुभएको थियो। यसमा ऋषि हुने बोधिसत्व थिए।

---

Downloaded from http://dhamma.digital

# मतकभत्त जातक

बिहान सबेरै उठेर नदीमा गई स्नान गरी निधारमा टीका लगाई शरीर शुद्ध पारी तैयार भइसकेको थियो त्यो ब्राह्मण। उसका चेलाहरू पनि पवित्र जलले स्नान गरी सफा धोति लगाएर ब्राह्मणको घरमा भेला हुन थाले। ब्राह्मणको घर बिहानैदेखि गोबरले लिपपोट गरी पवित्र पारिसकिएको थियो।

आज श्राद्ध थियो ब्राह्मणको घरमा। ब्राह्मणको बाबुको श्राद्ध थियो। त्यसैले सामाजिक चालचलन अनुसार घरलाई शुद्ध पारिसकेको थियो। आफू पनि गंगाजलले नुहाएर शुद्ध भए भन्ठानेको थियो। वेद मन्त्रोचारण गर्दै श्राद्धलाई आवश्यक सामानहरू बटुल्दै थिए ब्राह्मणले। सबै कुराको जोडजाम भयो। तर श्राद्धमा बलिदिने बोका गायब !

बोकालाई बलि नदिई श्राद्ध पूर्ण हुँदैनथ्यो। बोका आवश्यक थियो। अत्यावश्यक थियो। सबै कुरो सुचारु तरिकाले भइरहेकोमा बोका नभइदिनाले अलमलियो। ब्राह्मण चेलाहरूदेखि पड्किए, "के हेरिराख्छौ तिमीहरू ! हिजै भन्के

Downloaded from http://dhamma.digital

हैन तिमीहरूलाई बोका ल्याउन बिर्सेला भनेर ? लठेब्राहरू ! जा, तुरुन्तै एउटा बोको खोजेर ल्या ।'' '

गुरुको अगाडि चाँ चु गर्न नसक्ने चेलाहरू बोका खोज्न भनेर बाहिर लम्के । ब्राह्मण चाहिं घरको आँगनमा बसी रिसले बर्बराइराखे । केही बेरपछि चेलाहरूले साँच्चै एउटा बोका फेला पारेर ल्याएछ । बोका देख्नासाथ ब्राह्मणको अनुहार तेजिलो भयो ।

"लौ अब के हेरिराख्या नि ? जाऊ, छिट्टै गएर बोका-लाई नदीमा लगी शुद्ध पारेर ल्याऊ । साइत बित्न लागि-सक्यो ।'' ब्राह्मण हतारिए ।

यस्ता कुरा गरिराख्दा व्यर्थ ठानी ब्राह्मणका चेलाहरूले बोकालाई समातेर नदीतिर लगे । नदीमा पुगे । एकजना चेलाले बोकालाई नुहाउन थाले । अर्को बोकाको लागि फूलहरू टिप्नमा लागे । अर्को चन्दन घोट्नमा लागे । बोकालाई स्नान गराइ-सकेपछि चन्दन लेपन गरियो । फूलको माला घाँटीमा लगाइयो । बलिको बोको बलि दिनलाई तैयार गरियो ।

"ए, ए ! बोका त हाँसे जस्तो छ नि ।'' एकले अकस्मात भने ।

"धत् ! बोका पनि हाँस्छ र ?'' अर्कोले गिल्ला गरे ।

"साँच्ची हो ल । लौ–लौ, हेर–हेर फेरि हाँसेछ हेर ।''

पहिलोले औंल्याए। सबैले हेरे। साँच्चै रहेछ। बलिको बोको हाँसिरहेको।

सबै जिल्ल। सबै पक्क।

अचानक बोकाको आँखाबाट आँसु चुहिन थाल्यो। बोका रोयो।

आश्चर्यको कुरो थियो। बोका हाँसेको उनीहरूले कहिल्यै देखेको थिएन। बोका रोएको उनीहरूले कहिल्यै सुनेको थिएन। के के अपशकुन हो यो भन्दै उनीहरू हतार हतार गरी बोकालाई लिएर फर्के।

उता श्राद्ध मण्डपमा श्राद्ध गर्न कस्सिएर बसिरहेका थिए ब्राह्मण। बलिको बोकाको लागि पर्खिरहेका थिए। त्यसैले आफ्ना चेलाहरूले बोकालाई शुद्ध पारी ल्याएको देख्ना-साथै ब्राह्मणको मुख तेजिलो भयो। हतनपत बोका काट्ने तलवारमा चन्दन लेपन गर्नमा लागे।

बोकालाई शुद्ध पारी ल्याउने ब्राह्मणका चेलाहरू बोका लिई त्यसै उभिरहेको देखेर ब्राह्मणले सोधे—"क्या हो! के भयो अब?"

"गुरुवर! आज अनौठो कुरो भयो।" एकले भने।

"दुई अनौठो कुरा भए, गुरुवर।" अर्कोले बीचैमा काटे।

ब्राह्मण सुन्न उत्सुक भए।

Downloaded from http://dhamma.digital

"आज हामीले बलिको बोकालाई पहिले हाँसेको, पछि रोएको देखें।"

ब्राह्मण पत्याएन।

"साँच्चै हो, हामी तीनैजनाले राम्रै संग देखेको।" अर्कोले सही थापे।

अद्भूत कुरो थियो। ब्राह्मण आश्चर्य भयो। नपत्याएकोले त्यो अनौठो बलिको बोकालाई तलदेखि माथिसम्म हेरे ब्राह्मणले।

अचानक बोकाले बोल्यो—"साँचो कुरो हो, ब्राह्मण! म हाँसेको पनि थिएँ, रोएको पनि थिएँ।"

सबै चकित भए। अनौठो आश्चर्यको कुरा थियो। बोकाले मानिसको बोलीमा कुरा गरेको सुनेर सबैले एक अर्काको मुख हेर्न थाले।

केही बेरपछि अलि हिम्मत गरी ब्राह्मणले सोधे—"किन नि?"

बोकाले भन्यो—"म हाँसे किनकि यो मेरो अन्तिम बोका जीवन हो। म लगातार ४९९ पटक बोका भएर जन्मिसकें र ४९९ पटक बलिको लागि काटिएर मरिसकें। यो मेरो ५०० औं बोके जीवन हो। आज मलाई बलीको लागि काटिसकेपछि म मुक्त हुनेछु। म फेरि मानिस नै हुनेछु।"

ब्राह्मणले फेरि सोधे—"रूनु भएको किन नि?"

Downloaded from http://dhamma.digital

बोकाले भन्यो—"म पनि पहिले तिमी जस्तै विद्वान ब्राह्मण थिएँ। र मैले बलिको लागि बोका काटेको हुनाले ५०० जन्मसम्म म बोका भएर जन्मनुपरें, ५०० जन्मसम्म गर्धन काटिएर मर्नुपरें। आज तिमीले मलाई मार्दैछौ। अब तिमी पनि म जस्तै ५०० जन्मसम्म बलिको बोका भएर जन्मनु पर्नेछ। तिम्रो भविष्यदेखि माया लागेर रोएको हुँ म।"

ब्राह्मणको कान ठाडो भयो। बलि दिनाले यस्तो नारकीय जीवन पाउँछ भन्ने उसलाई थाहा थिएन। बलि दिनाले स्वर्ग पाउँछ भन्ने झुट्टा धारणा थियो उसको। काँपेको स्वरमा उसले भने—"त्यसो भए म तिमीलाई मार्दिन। आज-देखि सबै बलि बन्द। तिमीले मेरो आँखा खोलिदियौ। तिमी मुक्त भयौ। जहाँ जान्छौ जाऊ।"

"मेरो कर्ममा लेखिसकेको कुरो हो। मलाई आज मर्नु नै छ। तिमीले नमारे पनि म आज मर्ने छु।" बोकाले जवाफ दियो।

"तर हामीले तिमीलाई मार्न दिने छैनौ। आज दिनभरी हामी तिम्रो पछिपछि लाग्छौं ताकि कसैले तिमीलाई मार्न नसकोस्।" ब्राह्मणले संकल्प गरे।

बोकाले बढी बोल्नु व्यर्थ ठानेछ क्यारे, खुरुखुरु आफ्नो बाटो तताएछ। ब्राह्मण र उसका चेलाहरू पनि पछिपछि लागे। एक ठाउँमा बोकाले घाँस खाइरहेको बेलामा माथिबाट

Downloaded from http://dhamma.digital

एउटा धारिलो ढुंगा खसो बोकाको गर्धनमा वज्रन आयो। बोकाको टाउको छिनियो। तत्काल मृत्यु भयो।

यो घटना देख्ने त्यहाँको रूखमा बस्ने वृक्ष देउताले भने—"जसले पशु बलि दिन्छ, उसको भविष्य सप्रन्दैन। उसले नरक पाउँछ, स्वर्ग होइन।"

★★★

---

यो जातक कथा भगवान् बुद्धले त्यसबेला प्रचलित बलि प्रथाको बिरोध जनाउन भन्नुभएको थियो। यसमा वृक्ष देवता हुने स्वयं बोधिसत्व थिए।

---

Downloaded from http://dhamma.digital

# आयाचितभत्त जातक

घरबाट निस्किसक्यो परदेश जानलाई। बाटो संकट-युक्त। कतिपय मानिसहरू परदेश गएका फर्कन पाएका थिएनन्। जो फर्कन्थे, उनीहरू भाग्यशाली कहलाइन्थे। त्यस्तो बिकट बाटो थियो। त्यस्तो बिकट यात्रा थियो।

त्यस्तो यात्रामा जान निस्केको थियो त्यो ब्राह्मण। घरमै मंगलकार्य पूरा गरी निस्केता पनि मनमा कतै कहीं भय लुकेको थियो। बिकट स्थानबाट जोगिएर आउन सक्छु भन्ने आत्मविश्वास उसमा थिएन। त्यसैले जतिसक्यो उति बाहिरी भरोसा खोजिरहेको थियो उसले।

घरबाट निस्क्यो। अगाडि थियो आँखाले नभ्याउने गरी लम्बिएको मार्गपथ। मार्गको शुरुवातमै एउटा ठूलो रूख थियो—वरको रूख। ब्राह्मण बिस्तारै पाइला चालेर रूखतिर लागे। रूख अगाडि उभी आँखा चिम्ली मनैमन अठोट गरे—"हे वृक्ष देवता, यात्रा निर्विघ्न पारिदिनुस्। बिकट यात्राबाट म निर्विघ्न फर्कन सकौं। यदि केही गरी म कुनै पनि विघ्न बाधा बिना यात्राबाट फर्कन सकेमा म तपाईंलाई थरिथरिका

Downloaded from http://dhamma.digital

बलि दिनेछु । यो मेरो भाकल भयो । मेरो मनोकामना पूरा गरिदिनुस् प्रभु ।"

यात्रा निर्विघ्न भएमा वृक्ष देवतालाई बलि चढाउने अठोट गरेर ब्राह्मणले यात्राको लागि पाइला चालें ।

केही महिना बित्यो । नभन्दै त्यो ब्राह्मण सकुशल यात्राबाट फर्केछ । ऊ खुशी देखिन्थ्यो । यात्रा सफल थियो । यात्रा निर्विघ्न थियो । आफूले किरिया हालेको अनुसार ब्राह्मणले बोका, गाई, घोडा र हाँस ल्याई त्यो ठूलो बरको रुखको सामु बलि चढाउँछु भनेर आए । पूजा सामग्री पनि ल्याए । पशुहरूको भोग दिन तयार भयो ।

यतापट्टि त्यो रुखमा बस्ने वृक्ष देवता । उनी चकित थिए । ब्राह्मणको एकोहोरो बुद्धि देखी माया लाग्यो देवतालाई । ब्राह्मणको अगाडि प्रकट भई वृक्ष देवताले उपदेश दिए—"श्रद्धालु भक्तहरू ! किन तिमीहरू आफ्नो भविष्य सपार्नेतिर लाग्दैनौ ? पशुवध गरेर भविष्य सप्रिएला भन्ठानु मूर्खता हो । मूर्ख नबन । निरह पशुहरू मारेर भविष्य नबिगार । तिम्रो भविष्य तिम्रो हातमा हो, कुनै पशुको ज्यानमा छैन । भविष्य सपार्ने त्यसैले सुकर्म गर ।"

ब्राह्मण झसंग भयो । स्वयं वृक्ष देवताले आई यस्तो भनेकोले उसको आँखा खुल्यो ।

★★★

Downloaded from http://dhamma.digital

यो जातक कथा (एक ब्राह्मणको कथा जसले आफूले भाकल गरे सरह बलि दिन चाहेको थियो।) भगवान् बुद्धले बलि प्रथाको बिरोध गर्न भन्नुभएको थियो। यसमा वृक्ष देवता स्वयं बोधिसत्व थिए।

Dhamma.Digital

Downloaded from http://dhamma.digital

# नलपाण जातक

ऊ एक भयंकर राक्षस थियो । रातो पेट, सेतो मुख र लामा लामा नीला हात खुट्टाहरू थिए । हेर्दा नै डरलाग्दो देखिन्थ्यो ।

पानीमा आउने जीवहरू उसका आहार हुने गर्दथ्यो । ऊ पानी भित्र बस्दथ्यो । ठूलो जंगलको माझमा रहेको ठूलो तलाउ नै उसको वासस्थान थियो । जति पनि जीवहरू पानीमा उत्रन्थे तिनीहरूलाई खाने अधिकार ऊसंग थियो । तर तलाउ बाहिर आई उसले शिकार गर्न पाउंदैनथ्यो । त्यसैले त्यस तलाउमा पानी खान आउने जीवजन्तुहरू खाएरै उसले आफ्नो जीवन यापन गर्दथ्यो ।

आज पनि बिहान सबेरै उठेर कसले पानी खान आउला र त्यसलाई खान पाउंला भनी त्यो राक्षस पानीभित्र ढुकेर बसिराखेको थियो । उसको दुर्भाग्य ! दिनभरि कोही पनि आएन त्यो तलाउमा पानी खान । बल्ल साँझ पख केही बाँदर-हरू देखापर्न थाले । झन झन बाँदरहरू थप्न थालिए । सयौं बाँदरहरू उसको तलाउ वरिपरी जम्मा हुन थाले । आज त

Downloaded from http://dhamma.digital

अघाउने गरी भोजन गर्न पाइने भयो भन्ठानी पानीभित्र बसिराख्ने राक्षस दंग परेको थियो ।

तर आश्चर्य ! त्यतिका बाँदरहरू तलाउ वरिपरी भेला भइसके, कुनैले पनि तलाउमा ओर्लेर पानी खान आएका थिएन । उनीहरू तिर्खाएका थिए, तर पानी पिउन आएन । राक्षसलाई बाँदर खान हतार लागिसकेको थियो, तर बाँदरहरू पानी खान हतार मानेनन् ।

केही बेरपछि एकजना ठूलो बाँदर देखापर्‍यो । हेर्दाखेरि नै त्यो बाँदरहरूको राजा हो भनेर सजिलै किटान गर्न सकिन्थ्यो । सबैले राजालाई आदर गरे । सबै बाँदरहरू राजाको वरिपरी भेला हुन थाले । पानी भित्र लुकिराख्ने राक्षस चाहिं ती बाँदरहरूले किन पानी नखाएको हो भन्ने जान्न उत्सुक थिए । ती बाँदरहरू के कुरा गर्दा रहेछन्, सुनी हालौं भनेर उनीहरूले कुरा सुन्न कान लम्ब्याए ।

"किन तिमीहरू यहाँ रोकेका ?" राजा बाँदरले अरू बाँदरहरूसंग प्रश्न गर्‍यो ।

"महाराज ! हामीलाई तिर्खा लागेको छ । तर तपाइँले नै यो जंगलमा तपाइँसंग नसोधी केही नखानू , केही नपिउनू भनेको हुनाले हामी तपाइँ आउला र सोधेर पानी खाउंला भनी कुरेर बसिरहेका ।" बाँदरहरूले भने ।

Downloaded from http://dhamma.digital

"ठिक गऱ्यौ।" राजाले भन्यो। अनि तलाउ वरिपरी चारैतिर आँखा दौडाए। "साथीहरू! यो तलाउमा पानी खानु हुँदैन।" राजाले अन्तमा घोषणा गऱ्यो।

"किन, महाराज?" एउटा बाँदरले प्रश्न गऱ्यो।

"किन कि, तलाउको किनारमा जति पनि पाइलाका निशानाहरू छन्, ती सबै तलाउतिर फर्केका मात्रै छन्। सबै पाइलाका निशानाहरू तलाउतिर गइरहेका मात्रै छन्, तलाउबाट फर्केर आएका छैनन्। पक्कै पनि यो तलाउमा कुनै राक्षस हुनु पर्दछ, जसले पानी खान आउनेहरूलाई खाइदिन्छ।" राजा बाँदरले स्पष्टिकरण दियो।

पानी मुनि बसी, उनीहरूको कुराकानी सुनिराख्ने जल राक्षसलाई रिस उठ्यो। पानी खान तलाउमा नओर्ली कुराकानी गरिराखेको देखेर उसको कंचट तात्यो। अनि आफू पानी माथि आई भन्यो "हे बाँदर हो! के चाहिंदा नचाहिंदा कुरा गरिराखेका पानी नखाइकन? तिर्खा लागेको छ भने खान पानी!"

"हे राक्षस! तिमी दुष्ट हौ। तिमीले यसो भन्न सुहाउँदैन।" बाँदरले भन्यो।

"यहाँतिर टाढा टाढासम्म कहीं पानी पाइँदैन। आखिर तिमीहरूले यहीं पानी खानुपर्छ। त्यसैले पानी खाऊ र मेरो भोजन बन" राक्षस हाँस्यो।

Downloaded from http://dhamma.digital

"बढता घमण्ड नगर, राक्षस ! हामी यसै तलाउमा पानी खान्छौं, तर तिम्रो भोजन हामी बन्ने छैनौं ।" बाँदरले राक्षसलाई हाँक दियो ।

"के रे ?!" राक्षस चकित भयो ।

"हो, हामी तिम्रै अगाडि यसै तलाउमा पानी खान्छौं; तर तिमीले हामीलाई खान पाउने छैनौं ।" बाँदरको राजाले पुनः भन्यो ।

"कविराज ! हेरीहालौं म पनि कसरी तिमीले यो तलाउको पानी खानेछौं ।" राक्षसले पनि हाँक दियो ।

अनि बाँदरको राजाले नजिकैको झाडीमा रहेको सरकण्ड (एक प्रकारको मसिनो लट्ठी जसमा भित्रका गाँठाहरू खुला हुन्छन्) लिएर मुखमा हाले । अन्य बाँदरहरूले पनि राजाको अनुकरण गरे । अनि सबै बाँदरहरू तलाउको चारैतिर बसी मुखमा रहेको लट्ठी पानीमा डुबाई पानी तान्न थाले । कसैले पनि तलाउमा ओर्लनु परेन । पानीलाई छुनु परेन ।

तलाउको राक्षसले यो सबै ट्वालल परी हेरिरह्यो । ऊ विवश थियो । ती बाँदरहरू पानीमा नउत्रेकाले तिनीहरू-लाई खान पनि सक्दैनथ्यो । बाँदरहरू चाँहि मज्जासंग पानी खाँदै थिए ।

Downloaded from http://dhamma.digital

बाँदरहरूको राजाको बुद्धि र चतुरता देखी राक्षस आश्चर्य चकित भयो। बुद्धिमानहरूलाई कुनै पनि तरिकाले हराउन नसकिने बुझि राक्षस पुनः जलभित्र पसे निरास भएर।

★★★

---

यो कथा भगवान् बुद्धले केतक बनमा छंदा भन्नुभएको थियो। यसमा बुद्धिमान बाँदर राजा स्वयं बोधिसत्व थिए।

---

Downloaded from http://dhamma.digital

# कुरंगमिय जातक

क्या अशुभ दिन ! बिहानैदेखि अमंगल लागेको लाग्यै । कुनै कुरो सफल भएको होइन आज । सबेरै स्नान गर्न भनी घर बाहिर निस्कन्दा कालो बिरालोले बाटो काटेको थियो । दिन अशुभ भइहाल्यो अनि त । नदीमा पनि चिप्लेर तीन बुल्ड्यांङ्ग खाइहाले । घर पुग्दा चाहिंदा नचाहिंदा कुरामा आफ्नो स्वास्नीसंग गन्थन भइहाल्यो । बिहान शिकार गर्न निस्कन लाग्दा पनि कान्छो छोरोले टोकी हाले ।

साँझ हुन लागिसकेको थियो । तर पासोमा एउटै जनावर फसेको होइन । क्या अलक्षण दिन परेछ ! दिक्क मान्यो त्यो शिकारी । चारैतिर हेऱ्यो । सुनसान । आकाशतर्फ हेरे । सूर्य अस्ताउन लागिसकेको थियो । अनि हेरे त्यो पासोमा जुन उनले आफू लुकिरहेको रूखमुनि बिछ्याइराखेको थियो । आफू रूखमाथि लुकेर कोही यो रूखमुनि आउला फस्ला भनेर ढुकेर बसिराखेको थियो ।

दिनभरिको कुराइपछि बल्ल एउटा मृग देखापऱ्यो । मृग राम्रो थियो । हृष्टपुष्ट थियो । मृग उही रूखतिर आउंदै

Downloaded from http://dhamma.digital

थियो। रूखमाथि लुकेर बसिराख्ने शिकारीको अनुहार उज्यालो भयो। त्यस्ता मृगको मासु खान पाएमा त मेरी स्वास्नी पनि रमाउली--मनै मन उनले सोचे। अनि त्यो मृग यो रूखमुनि आउँछ र मैले राखेको पासोमा फस्नेछ भनी सतर्क भई हेरिराखे।

मृग चलाख थियो। किन हो कुन्नि उनलाई शंका लाग्यो। अनि बिस्तारै पाइला बढाई त्यो रूखतिर आयो। तर रूखमुनि आएन। अलिक पर बसी कान ठाडो पारी वातावरणलाई खोतल्नमा लाग्यो त्यो मृग।

रूखमाथि लुकिराख्ने शिकारी हतारिए। उनले विचार गरे—यो रूखमुनि मृगको पाइला देखेर नै मैले यहाँ पासो राखेको हुं। यी मृगहरू पक्कै पनि यहाँ यो रूखबाट खसेका फलहरू खान आउने हुनु पर्दछ।

अहिले त्यो मृग किन हो कुन्नि यहाँ आउँदैन। केही जुक्ति त लगाउनै पर्‍यो। यसरी विचार गरेर त्यो शिकारीले आफू लुकिराखे ठाउँमा फलेका केही फलहरू टिपी त्यो तल बसिराख्ने मृगतिर फाल्न थाले।

शंकालु भई चारैतिर हेरिराख्ने मृगलें त्यो रूखले फलहरू आफसेंआफ फालेर ल्याएको परी तीन छक्क परे। हो न हो, पक्कै कोही लुकेको हुनु पर्दछ त्यो रूखमाथि भन्ने

Downloaded from http://dhamma.digital

निश्चय भयो । अनि मृगले ठूलो स्वरमा भने, "हे रूख ! पहिले पहिले त तिमीले आफ्ना फलहरू सिधै गिराउँथ्यौ । तर आज तिमीले फलहरू मतिर फ्याँकदैछौ । जब तिमीले आफ्नो स्वभावलाई त्यागिसक्यौ भने म मात्र किन तिम्रो फल खान आऔं ? म पनि अर्कै रूखको फल खान जान्छु ।" यति भनी त्यो चलाख मृग कुलेलाम ठोके ।

माथि रूखमा बसिराख्ने शिकारीले आफ्नो पुर्पुरोमा हात राखे ।

★★★

---

यो जातक कथा भगवान्‌ले देवदत्तको विषयमा लिएर भन्नुभएका थिए । यसमा मृग हुने स्वयं बोधिसत्व हुन् ।

Downloaded from http://dhamma.digital

# कुक्कुर जातक

आकाशमा कालो बादल छाइसकेको थियो। सूर्यले पश्चिमको पहाड पछाडी मुण्टो लुकाइसके। चिसो चिसो हावा चल्न थाल्यो। फाटफुट पानी पर्न थाल्यो। हतार हतार गरी सबै मानिसहरू आ-आफ्ना घरमा फर्कन थाले। चराचुरुङ्गी-हरू लुक्न गए। दिनभरि उद्यानमा आनन्द लिएर राजा पनि पानी पर्न लागेकोले आफ्नो दरवारतिर फर्के। दरवार पुग्दा नपुग्दै पानी पर्न थाल्यो। दरबारको ढोका बाहिर पुग्नासाथ राजा भित्र दौडीहाले। सैनिकहरूले रथका घोडाहरू फुकाली तबेलामा लगे। उनीहरू पनि हतारिएका थिए। मुसलधारा पानी पर्‍यो। राजदरवारको आंगन सुनसान भयो। खालि बिचमा थियो अस्तविहीन रथ। पानीमा रुझिनलाई छाडि-दिएको निर्जीव रथ।

मध्यराततिर पानी थाम्यो। आकाशमा तारा देखिन थाले। हावाको गतिमन्द भयो। राजदरवारका कुक्कुरहरू बाहिर आंगनमा निस्के। दरवारको पहरा दिने जिम्मा थियो ती कुक्कुरहरूको। पानीले गर्दा आंगनको माझमा परेको बेवारिस रथमा रहेका छालाका सामाग्रीहरू फुलेका थिए।

Downloaded from http://dhamma.digital

कुक्कुरहरूले फुलिएका ती छालाका डोरीहरूको सुगन्ध पाए। चपाउन पाएमा क्या स्वाद आउँदो हो भन्ने लाग्यो। चारैतिर कोही नदेखिएकोले ती कुक्कुरहरू विस्तारै गई रथमा रहेका ती छालाका डोरीहरू चपाउन थाले।

भोलिपल्ट बिहान सबेरै सैनिकहरू हेर्न आउँछ त रथमा छालाका सामान सबै गायब! सबै चकित भए? हो न हो यो कुक्कुरले नै खाएको हुनु पर्दछ भनेर सबैलाई लाग्यो। राजा-कहाँ खबर पुग्यो। रिसाहा राजा! तुरन्तै आज्ञा दिए—"नगरका सबै कुक्कुरहरू मारिदेऊ!"

कुक्कुरहरूको दुर्दिन आइपुग्यो। जहाँ भेट्टिए त्यहीं कुक्कुरहरू मारिन थालिए। लखेटी लखेटी मार्न थाले। खोजि खोजि मार्न थाले। कुक्कुरमार अभियान शुरु भयो। कुक्कुर-हरूमाथि ठूलो विपत्ति आइपऱ्यो।

मसानमा बस्ने त्यो कुक्कुर अति बुद्धिमान थियो। निर्भिक थियो। कुक्कुर जातिमाथि आइपरेको विपत्ति उसले थाहा पायो। विचार गऱ्यो—'कसरी हुन सक्छ यो? दरबार-भित्र रहेको रथका छाला बाहिरका कुक्कुरले कसरी खान सक्छन्? पक्कै पनि यो काम दरबारभित्रका कुक्कुरहरूको हुनु पर्दछ।

त्यो निर्भिक कुक्कुर चनाखो भई दरबार आइपुगेछ। चलाख थियो, दरबारको ढोकाभित्र छिरिहालेछ। सैनिकहरूले

Downloaded from http://dhamma.digital

एक कुक्कुर दरबारभित्र छिरेको देख्नासाथ त्यसलाई मार्न भनेर लखेट्न आए।

भित्र दरबारमा राज्य सभाको बैठक भइरहेको थियो। त्यस्तो ठाउँमा कुक्कुरभित्र छिरेछ र हतनपत्त गई राजाको सिंहासनमुनि लुक्न गएछ।

राज्य सभामा खलबल मच्चियो। सभाभित्र एक कुक्कुर! राजा आसनबाट उठे। आसनमुनिबाट बिस्तारै टाउको निकाली निर्भिक कुक्कुरले भने– "महाराज! म तपाईंसंग कुरा गर्न चाहन्छु।"

"भन, के भन्नु छ?" राजाले सोधे।

"के तपाईंले सबै कुक्कुरलाई मार्ने आज्ञा दिनु भएको हो?"

"हो! मेरो रथलाई ध्वस्त पारेकोले मैले यस्तो गरेको हुँ।"

"कुन कुक्कुरहरूले यसो गरेको तपाईंलाई थाहा छ?" कुक्कुरले सोधे।

"अहं! थाहा छैन।" जवाफ।

एकैछिन पछि कुक्कुरले पुनः प्रश्न गरे, "महाराज! के सबै कुक्कुरहरूलाई तपाईं मार्नु हुन्छ त? वा कोही कुक्कुर मारिदैन पनि?"

एकैछिन विचार गरी राजाले भने, "मेरो दरबारका कुक्कुरहरू मारिदैनन्।"

Downloaded from http://dhamma.digital

"त्यसोभए यो कसरी न्याय भयो। तपाइँ त राजा! तपाइँ कसरी पक्षपाति बन्नुभयो। राजालाई त तराजु जस्तै निष्पक्ष हुनु पर्ने थियो।"

"मैले कसले रथका सामान खाएको भनी ठम्याउन सकिन, त्यसैले यसो गरेको हुँ।"

"त्यसोभए म देखाइदिन्छु यो कसको कर्तुत हो भनेर। मलाई मही र दूबो ल्याइदिनुस्।" कुक्कुरले माग गरे।

साँच्चै ती सामान ल्याइए। अनि निर्भिक कुक्कुरले दरबारका कुक्कुरहरू मँगाए। त्यसपछि दूबो घोटिएको मही ती कुक्कुरहरूलाई खुवाए। एकैछिन पछि ती सबै कुक्कुरहरू-लाई उल्टि भयो। उनीहरूले गरेको वाममा छाला टुक्राहरू स्पष्ट देखिन्थे। राजा लगायत सबैजना चकित भए। अब उनीहरूले साँच्चैको अपराधीहरूलाई चिने।

त्यो निर्भिक कुक्कुरले अनि भने, "महाराज! विचार-पूर्वक काम गर्नु पर्दछ। अप्रमादी भएर राज्य चलाउनु पर्दछ। यसैले सबैको कल्याण हुन्छ।"

★★★

---

यो जातक भगवान् बुद्धले आफ्ना नाता कुतुम्बहरूको सम्बन्धमा भन्नुभएको थियो। यसमा निर्भिक कुक्कुर हुने स्वयं बोधिसत्व थिए।

---

Downloaded from http://dhamma.digital

# भोजाजानीय जातक

आखिर सात देशका राजाहरू एकजुट हुन करें लाग्यो । बाराणशी देशको उन्नति र खुसहालि देखेर वरिपरिका छिमेकी देशहरूलाई डाह लागिराखेको वर्षौं भइसकेका थिए । तर उनीहरू कमजोर थिए बाराणशीको अगाडी धनमा, बलमा, सैनिकमा र बहादुरीमा । सो ती ईर्ष्यालु नरेशहरू मनैमन कुण्ठित थिए । छिमेकी देशका जनताहरू बाराणशीको समृद्धि देखेर लोभिन्थे र आफ्ना देशमा चाँहि त्यस्तो केही नभएकाले निराश हुन्थे । यसैबाट बेलाबखतमा जन्म हुन्थ्यो आक्रोशको । आक्रोश आफ्ना राजाप्रति देखाउन थालिए । आक्रोश आफ्नो व्यवस्थाप्रति देखाउन थालिए । यसै कारणले गर्दा बाराणशीका सातैबटा छिमेकी राष्ट्रका राजाहरू जसरी भए पनि बाराणशी-लाई होच्याउन खोज्थे । डबाउन खोज्थे । तर एक्ला दुक्लाले केही गर्न नसक्ने देखेपछि ती सातै राष्ट्रका ईर्ष्यालु राजाहरू आपसमा एकजुट हुन बाध्य भए, कुनै भलो कामको लागि होइन, समृद्ध राज्य बाराणशीलाई फतेह गर्न ।

हमलाको तैयारीको यो खबर जासुसहरूले बाराणशीमा पुऱ्याए । उत्तिनैखेर आपातकालीन बैठक बस्यो । अब गर्ने के

Downloaded from http://dhamma.digital

त ? सातै राष्ट्रहरूसँग लडाइँ गर्न सम्भव छ र ? के अब बाराणशी पराधिन हुनु पर्ने भयो त ? राजा निराश भए। मन्त्री भारदारहरू पनि निराश भए। तर सेनापति बहादुर र निडर थिए, उनी हतोत्साहित भएनन्। भने, "महाराज ! कातर भएर आफूलाई समर्पण गर्नु बेस कुरो होइन। मेरो विचारमा सामर्थ्य अनुसार हामीले युद्ध गर्नु पर्दछ। हो, सात राष्ट्रहरूसंग एकैपल्ट लडाइँ गर्नु कठीन छ, तर असम्भव त छैन।"

"कसरी सम्भव छ त यो कुरो ? को अगाडि बढ्छ यस्तोमा ?"

"म अगाडि बढ्छु ! महाराज मलाई मैले भनेको जस्तो घोडा दिनुस्, म अगाडि बढ्छु।" सेनापतिले हिम्मत गरे।

"हुन्छ त" भन्दै उनीहरूले सात राष्ट्रहरूमा आफूले पनि हमला गर्ने निधो गरे। सेनापतिलाई तबेलामा लगियो। थरिथरिका असल जातका घोडाहरू थिए त्यहाँ। तीमध्ये एउटालाई सेनापतिले रोज्यो।

त्यो घोडो अति फूर्तिलो थियो। अग्लो थियो। राम्रो थियो। निर्भिक थियो। सेनापतिले त्यसैलाई रूचायो।

सेनापति गयो घोडा चढेर आफ्ना शत्रुहरूलाई फतेह गर्न। घोडा तेज थियो। अति बलवान पनि। जुन राज्यमा उनीहरू पहिले पसे, त्यहाँका राजालाई तुरन्तै बन्दी बनाउन

Downloaded from http://dhamma.digital

सफल भए । त्यसपछि अर्को राजा, त्यसपछि अर्को, त्यसपछि अर्को, त्यसपछि अर्कोलाई सेनापतिको हिम्मत र घोडोको चर्तिकलाले गर्दा बन्दी बनाउन उनीहरू सफल भए । पाँच राजा पक्रिए; दुई बाकि थिए ।

छैठौं राजाको पालो थियो । अति शक्तिशाली राजा थियो । विशाल सेना थियो सो राज्यको । पाँच राजाहरूलाई बन्दी बनाएर आएका सेनापति र उनको घोडा थाकिसकेका थिए । छैठौं राजालाई फतेह गर्न उनीहरूले घमासान युद्ध गर्नुपर्‍यो । एक त थाकिसकेका, अर्को शक्तिशाली शत्रु । सेनापतिले बिजयी हुने आशा छाडि दियो । उनी घेरामा परिसकेका थिए । तर घोडा अति निर्भिक थिए । अभियान-लाई अपूरो छाड्ने खालको थिएन । सो उनलें भाला, तलवार र तीरको वास्ता नगरी अगाडि बढ्दै गए, बढ्दै गए । र छैठौं राजालाई पनि बन्दी बनाई छाडे ।

तर घोडा रगताम्य भइसकेको थियो । त्यसको शरीरमा ठाउँ–ठाउँमा तलवारले काटिसकेको थियो । जिउमा गाडिएका थिए ८ तीरहरू र तीन भालाहरू । साधारण घोडाहरू भएको भए काम तमाम भइसक्थ्यो होला । तर त्यो साधारण घोडा थिएन । आफ्नो कर्तव्य पुरा गर्नमा अति उत्साही घोडो थियो ।

घोडाको नाजुक अवस्था देखेर सेनापतिले सातौं राजा-लाई जित्ने विचार छाडि दियो । तर घोडा मानेन । अभियान

Downloaded from http://dhamma.digital

अपूरो छाड्ने बानी थिएन उसमा । आफ्नो मरणासन्न अवस्था भइसक्दा पनि उनी अगाडी बढे सातौं राजामाथि जाइलाग्न । अदम्य साहसले पराजित हुनु परेन । सातौं राजा पनि बन्धनमा परे ।

सात राजाहरूलाई बन्दि बनाई घायल घोडा आफ्नो राज्यमा फर्क्यो । लंगडो घोडो । लहु लुहान शरीर । अन्तिम श्वास लिइरहेको त्यो विजयी घोडो राजाको अगाडि आइपुग्यो । राजा चकित थिए, प्रजा चकित थिए त्यो आदर्शनीय घोडो देखेर । आफ्नो अभियान सफल गरी आउने त्यो घोडो राजाको अगाडि पुग्नासाथ बुर्लुङ्ग लडे । अन्तिम श्वास फेर्दै भने, "महाराज ! मैले अभियान पूरा गरें । तर मेरो बिन्ति छ यी राजाहरूलाई नमारि बक्सियोस् । शान्ति युद्धभन्दा श्रेष्ठतर छ, महाराज !"

घोडो मर्‍यो । भोजाजानीय घोडा, जसको अदम्य साहस महान थियो, मर्‍यो । राजाको आँखाबाट बरबस दुई थोपा आँसु चुहिए मानो आफ्नै छोरो मरेको झैं ।

***

---

यो जातक कथा भगवान् बुद्धले अभियान अपूरो छाड्नु राम्रो होइन भनी देखाउनु भन्नुभएको थियो । यसमा भोजाजानीय घोडो बोधिसत्व थिए ।

---

Downloaded from http://dhamma.digital

# आजञ्ञ जातक

नगरलाई चारैतिरबाट शत्रुका सेनाहरूले घेरीसकेका थिए। बाराणशी भित्र बस्ने जनता, सैनिक र राजा समेत व्याकुलताबाट ग्रस्त थिए। कुनै पनि बेला शत्रुका सैनिकहरू बाराणशी भित्र घुस्नसक्थे। शत्रुहरूको घेरा पनि सानोतिनो कहाँ थिए र? पुरा सात देशका सात सैनिक टोलिहरूले सात घेरा हालेका थिए बाराणशीलाई। सात देशका राजाहरूसंग युद्ध गर्नु त स्वतः आत्महत्या गर्नु सरह थियो।

तर सबै निरुत्साहित थिएनन्। बाराणशीका एक बहादुर सैनिकले स्वघोषणा गरे, "महाराज! मलाई कुनै अति वीर, अति उत्साही घोडा पाएमा म शत्रुका घेरालाई तोड्न सक्छु। त्यसै यहि भित्र बसेर उनीहरूको अगाडि आत्मसमर्पण गर्नु मलाई निको छैन। महाराज, मलाई युद्ध गर्न जानु अनुमति दिनोस्।"

बाराणशीका राजा ब्रह्मदत्तले पनि अनुमति दिए। सर्वश्रेष्ठ घोडा ल्याइयो युद्धमा पठाउन। त्यो बहादुर सैनिक घोडामा चढी युद्ध गर्न भनी बाराणशीबाट निस्के।

Downloaded from http://dhamma.digital

घोडा अति बहादुर थियो, बलवान थियो, शक्तिशाली थियो। अति चर्तिकलापूर्ण थियो। बेगमा कसैले त्यसलाई उछिन्न सक्दैनथ्ये। बलमा कोही उसको अगाडि टिक्न सक्दैनथ्यो। जुन घेरामा ऊ पस्थ्यो, त्यहाँ सैनिकहरू तितर बितर हुन्थे। जुन घेरामा उनले हमला गर्थ्यो, त्यो घेरा छिन्न भिन्न हुन्थे। यसरी एक एक गरी ६ घेरा उनले छिन्न भिन्न गरे। ६ वटै घेराका राजाहरू बन्दी बनाइए। तर त्यतिबेला-सम्म घोडा रक्ताम्य भइसकेको थियो। कतिपय तीरहरू शरीरमा घुसिसकेका थिए। भालाको चोट ठाउँ–ठाउँमा थिए। घोडा अति नै घायल भइसकेको देखेर बहादुर सैनिकले घोडालाई लिएर बाराणशी तर्फ फर्के।

राजद्वार बाहिर पुगेपछि सैनिकले घोडालाई फुत्काए। सातौं राजा त बाकि नै थियो समात्नलाई। तसर्थ घायल त्यो हिम्मती घोडालाई त्यहीं छाडेर अर्को घोडालाई युद्धमा लग्न तैयारी गरियो। यो देखेर त्यो घायल घोडो, जसले आफ्नो वीरताले ६ राजाका घेराहरू छिन्न भिन्न पारेका थिए, दुःखित भए। सम्पूर्ण काम सम्पन्न गर्न नसक्दै अन्तिम अवस्थामा उनलाई अभियानबाट अलग्गाइएकोले उसको चित्त दुख्यो। सैनिकलाई उनले भने, "सैनिक! ६ राजाहरूलाई हामीले पराजित गरिसकें। अब सातौं राजा मात्रै बाकि छ। बिजयको अन्तिम चरण मलाई किन अलग्याउँछौ? म घायल छुँ। तर पनि म भित्रको साहस घायल छैन। मैले हिम्मत हारेको छैन।

Downloaded from http://dhamma.digital

यति मेहनत गरी ६ घेराहरू तोडिसकें, अब अर्को घोडा लिएर गई युद्ध गर्दा केही गरी सातौं शत्रुको हातबाट हामी पराजित हुनुपर्‍यो भने हाम्रो सबै मेहनत खेर जानेछ। तसर्थ ममा विश्वास गर्नुस्। जसरी ६ राजाहरूलाई हामीले हराएँ, त्यसरी नै सातौंलाई पनि हराउनेछौं। सातौंलाई नहारइकन म मर्ने छैन, त्यो म वचन दिन्छु।''

सैनिकलाई हो जस्तो लाग्यो। आखिर त्यो जस्तो अदम्य साहसी घोडा अर्को पाउन कठिनै थियो। सो उनले त्यही घायल घोडामाथि चढी सातौं राजालाई बन्दी बनाउन लम्के। यसपल्ट पनि उनीहरूले विजय हासिल गरे।

सातौं राजालाई बन्दी बनाई ब्रह्मदत्त राजाको अगाडि ल्याइयो। राजा र प्रजा सबै हर्षित थिए। घोडाको प्रशंसा गर्दै थिए। मरणावस्थामा पुगिसकेको सो घोडो राजालाई भने, "राजन्! म त अब मर्छु नै। तर मेरो एक बिन्ती छ। यी राजाहरूलाई नमारिबक्सियोस्। बरू यिनीहरूसंग सन्धि गरी मित्रता कायम गरिबक्सियोस्। शान्ति र मित्रता कायम भएमा फेरी फेरी बाराणशीलाई हमला गर्ने डर रहँदैन। तपाइँ पनि शील र सदाचारी रही राज्य चलाउँदै गर्नोस्।''

यति भनी त्यो अदम्य साहसि घोडाले आफ्नो प्राण त्यागे। अभियान पुरा भयो।

★★★

Downloaded from http://dhamma.digital

यो जातक कथा भगवान् बुद्धले एक अलिस भिक्षुलाई साहसित तुल्याउन बताउनु भएको थियो। यसमा घोडा हुने स्वयं बोधिसत्व थिए।

Dhamma.Digital

Downloaded from http://dhamma.digital

# तित्थ जातक

आश्चर्यको कुरो ! घोडो त्यो तलाउमा ओर्लन मान्दै मानेन । जति बल गरेपनि पानीमा खुट्टा राख्दै राखेन । घोडो उही थियो । तलाउ उही थियो । घोडोलाई नुहाउने सैनिक उही थियो । तर किन हो किन घोडोले आज नुहाउन मानेन । दिनहुँ त्यो घोडोले त्यही तलाउमा नुहाउने गर्थे । वर्षौं देखि अटुट रूपले चलेर आएको नित्यकर्म गर्न घोडोले आज अस्वीकार गऱ्यो ।

सैनिक चकित थिए । के हो, किन हो केही ठम्याउन सकेन उनले । हिजोलम्म कति रमाई रमाई त्यही तलाउमा नुहाउने गर्थ्यो त्यो घोडोले । आज बहिस्कार गरेकोले घोडो-लाई नुहाउने सैनिक तीन छक्क परेका थिए । जति जतन गरेता पनि विफल भएकोले केही सीप नलागी सैनिक दर्बारमा फर्के ।

राजाको दरबारमा पनि हलचल भयो । कुरो सानो थियो । तर रहस्यमयी थियो । सधैं नुहाउन हुने आज नुहाउन नहुने—किन होला ? सबैलाई कौतुल लाग्यो । मन्त्री भारदार-

Downloaded from http://dhamma.digital

हरू भेला भई विचार विमर्श गर्न थाले। यो अनौठो रहस्य पत्तो लगाउनको लागि राजाले आफ्ना एक विशिष्ट सल्लाह-कारलाई खताए।

राजसल्लाहकार घटनास्थलमा पुगे। घोडोलाई हेरे। घोडो अति स्वस्थ थियो। निरोगो थियो। राजाको सबभन्दा मनपर्ने घोडो थियो। मंगल घोडो थियो। टाउकोदेखि पुच्छर-सम्म सेतो थियो। लामा लामा खुट्टाले घोडोको फूर्तिलोपन दर्शाइराखेको थियो। तलाउको छेउमा स्वाभिमानताकासाथ उभिराख्ने त्यो मंगल घोडोलाई राज–सल्लाहकारले नियालेर हेरे।

तलाउतिर हेरे राजसल्लाहकारले। तलाउ राम्रो थियो। निर्मल थियो। रमणीय थियो। केही खरा यालहरू पानीमा उत्रिरहेका थिए। राजसल्लाहकारले सैनिकसंग सोधे, "के यो तलाउमा कुनै अर्को घोडोलाई पनि नुहाइसकेछ ?"

"हिजो दिउँसो हतारमा एउटालाई नुहाएको थियो।"

मुसुक्क हाँसे राजसल्लाहकार। भने, "यो मंगल घोडो-लाई नजिकै नयाँ बनेको तलाउमा नुहाउन लग। उसले नुहाउने छ।"

सैनिकले पनि घोडोलाई अर्को तलाउमा नुहाउन लगे। मंगल घोडोले पनि नाइँनास्ति नगरी नुहायो।

Downloaded from http://dhamma.digital

राजाकहाँ खबर पुग्यो। उनी उत्सुक थिए रहस्य जान्न। राजसल्लाहकारले कारण बताए, "महाराज, त्यो तलाउमा अर्को घोडोलाई पनि नुहाएकोले हजूरको प्यारो मंगल घोडोले स्वाभिमानतावश त्यही जूठो तलाउमा नुहाउन चाहेको थिएन।"

"स्याबास ! तिमी साँच्चै बुद्धिमान रहेछौ। मानिसको मात्र होइन, पशुहरूको मनोविज्ञान पनि बुझ्न सक्ने रहेछौ। तिमी मस्ता सल्लाहकार पाएर म धन्य छु।" राजा गद्गद् भए।

★★★

---

यो जातक कथा भगवान् बुद्धले सारिपुत्रको एक शिष्य भिक्षुको सम्बन्धमा बताउनु भएको थियो। यसमा राजसल्लाहकार हुने स्वयं बोधिसत्व थिए।

---

Downloaded from http://dhamma.digital

# महिलामुख जातक

"आहा ! क्या मजासंग चोरिएछ त आज ?"

"यति पैसा पाउंला भन्ने त आशं थिएन मलाई ।"

"त्यो सैनिकलाई नमारेको भए कहाँ यति पैसा आउंछ र ?"

"साँच्चै हगि ? मान्छे मर्नु पनि बेस कुरो रहेछ ।"

"आजको जमाना नै यस्तो ! अरूलाई गालि नगरी, नतर्साइ, नमारी केही पनि हासिल गर्न सकिदैन ।"

"अस्तिकै कुरो नि ! सेठलाई दुई चार मुक्का हानी नतर्साएको भए, मारिदिन्छु भनी नतर्साएको भए के हामीले पैसा लुट्न पाउंथे र ?"

"आखिर जसले जे भनें पनि रिसाहा हुनु नै जाति रहेछ । बेला बखतमा मान्छे पनि मारिदिनु पर्दो रहेछ । त्यसैले होला सबै हामीदेखि तर्सेर हामीले भने जस्तो गर्ने ।"

"अब भोलि कहाँ लुट्न जाने त ?"

चोरहरूको जमातमा कुरोकानी हुंदै थियो । गुप्त मन्त्रणा सकिएपछि उनीहरू सुत्न गए । अर्को दिन पनि त्यहि

Downloaded from http://dhamma.digital

भेला भई चोरहरू मन्त्रणा गर्न बसे। यसरी धेरै दिनसम्म उनीहरू सोही ठाउंमा आई चोरी गर्ने नीति बारे कुराकानी गर्न भेला हुन थाले।

त्यो ठाउं थियो राजदरबारको हस्तशालाको नजिकै। ती चोरहरूको कुराकानी हस्तशाला रहेको महिलामुख नाउंको एक मंगल हात्तीले सुनिराख्ने गर्थ्यो। पशुको जात न ठहरियो। पर्खालको पारी गरिराख्ने कुरोकानीलाई त्यो हात्तीले उसैलाई उपदेश दिएको भन्ठानेछ। यो संसारमा रिसाहा हुनेलाई, निर्दयी भई अरूलाई मार्नेलाई नै भलो हुंदो रहेछ भन्ने कुरा त्यो हात्तीको मनमा पसेछ।

भोलिपल्ट। बिहान सबेरै हस्तबलमा सफा गर्न आउने-लाई त्यो हात्तीले कुल्चेर ठाउँ मारिदियो। खाना खवाउन आउने माउतेलाई सुंडले बेरेर भुइंमा पछारिदियो। हात्तीको त्यो पारा देखेर कसैले पनि उसको अगाडि जाने हिम्मत गर्न सकेनन्।

मंगल हात्ती बौलाएछ भन्ने खबर राजदरबारमा पुगे। राजा, मन्त्रीगण र पण्डितहरू बसी विचार विमर्श गर्न थाले। तीमध्ये एकजना विद्वान पण्डितलाई हात्ती बौलाउनुको कारण पत्ता लगाउन आदेश दिइयो।

पण्डितले जाँचबुझ गरे। हात्ती स्वस्थ थियो। कुनै केही खराबी थिएन। चतुर पण्डितले विचार गरे हो न हो कसैले त्यो हात्ती कान फुकिदिएको छ। छानबिन गर्दै भएपछि सुईंको

Downloaded from http://dhamma.digital

पाइयो कि हस्तशाला नजिकै राती चोरहरू मन्त्रणा गर्न आउँदो रहेछ ।

पण्डित भई राजाकहाँ जाहेर गर्न गए, "महाराज! कोही कोही अरूको कुरो सुनी ठीक बेठीक नछुटाई आँखा चिम्ली काम गर्दो रहेछन् । अरूले भन्यो भन्दैमा पत्याउँदा रहेछन् । महिलामुखी हात्तीलाई पनि त्यसै भएछ । हस्तशाला-को नजिकै चोरहरूले कुमन्त्रणा गर्न आउने सुनी हात्तीले पनि त्यही कुलतलाई सुलत मानेछ र त्यसैले रिसाहा भई निस्केको हो ।"

राजाले भने, "शाबास पण्डितजी । तपाइँ त हात्तीहरूको मनोविज्ञान पनि बुझ्नु हुँदो रहेछ । अब के उपाय गर्नु पर्ला त ?"

पण्डितले सुझाव दिए, "राजन् ! प्रथमतः ती चोरहरू-लाई समात्नु पऱ्यो । दोस्रो कुरा त्यस ठाउँ पण्डितहरू बसाई बारम्बार धर्म चर्चा गराउनु पऱ्यो । यसो गर्नाले हात्तीले राम्रा कुराहरू सुन्ने छन् र तीलाई आफ्नो आदर्श बनाउने छन् ।"

तुरन्तै राजाले सोही अनुसार काम गर्न हुकुम भए ।

★★★

---

यो जातक अरूको हाहामा लाग्ने एक भिक्षुको सम्बन्ध-मा बुद्धले बताउनु भएको थियो । यसमा पण्डित हुने बोधिसत्व थिए ।

---

Downloaded from http://dhamma.digital

# अभिण्ह जातक

कसैलाई थाहा थिएन कि त्यो मान्छेले कुकुर बटुलेर के गर्ने हो। उनको काम थियो कुकुर बटुल्नु। राम्रा र लोभ्याउँदा कुकुरहरू उनले जहाँ देख्थे त्यहिं नै किन्थे। किनेर लगिसकेपछि ती कुकुरलाई के गर्ने हो, कसैलाई चासो थिएन।

राजमहलको बाहिर अवस्थित राजाको हात्तीसारमा पनि एकपल्ट उनी आइपुगे। हात्तीसारमा एउटा कुकुर बरोबर आउने गर्थे। त्यो अग्लो कालो र हृष्टपुष्ट कुकुरलाई त्यो मान्छेले देखेछ। त्यो कुकुरको कुनै मालिक पनि छ कि भनी हात्तीसारका सैनिक र माउतेहरूसंग सोध्दा लावारिस कुकुर हो भनी थाहा पाए।

अनि त के चाहियो ? बिस्तारै गोजिबाट केही कार्षापण (पैसा) निकाली त्यो मान्छेले हात्तीसारका सैनिक र माउतेहरूको हातमा राखिदिए—त्यो कुकुरको किमत। सधैं हात्तीसारमा खेल्न आइराख्ने त्यो कुकुरलाई पैसा लिएर बेचन पाएकोमा सबै रमाएका थिए। घेरा हाली कुकुरलाई समाते।

Downloaded from http://dhamma.digital

कुकुर छटपटाए। कराए। रोए। तर कुकुरको वेदना मानिसले के बुझोस् ? कुकुर धेरै चलेकोले सैनिकहरूले त्यसका हात खुट्टाहरू डोरीले बाँडदियो। बेसहारा कुकुर बेस्सरी रून थाले। कुकुरको पैसा तिरेर त्यो मान्छेले कुकुरलाई घसिट्दै हात्तीसारबाट बाहिर निस्के।

हात्तीसारभित्र बाँधिएको राजाको मंगल हात्तीले कुकुर रोएको आवाज सुन्यो। बाहिर हेर्छ त विवश कुकुरलाई निठुरी व्यक्तिले घसिर्दै लगेको देख्यो। हात्ती चिच्याए। आफ्नो बन्धन चुंडाउन आफ्नो शक्ति लगाए। तर हात्तीलाई बाँधि-राखेको सिक्री अति बलियो थिए। रिसले चुर शक्तिशाली मंगल हात्तीले समेत त्यसलाई चुंडाल्न सकेन। हात्तीको चित्कार सुनेर हात्तीसारका अन्य हात्तीहरू सतर्क भए; सैनिकहरू डराए, माउतेहरू डरल कामे। भयंकर डरलाग्दो आवाजमा हात्ती कराउँदै थियो। आफ्नो सर्वशक्ति लगाएर बन्धन तोड्न खोज्दै थियो। तर सकेन। अन्तमा हार मानेर हात्ती विस्तारै त्यहीं थचक्क बसे। आँखाबाट भलभलि आँसु बहन थाले। हात्तीको दुःख र दर्द कसैले बुझ्न सकेका थिएनन्। कसैलाई थाहा थिएन कि त्यो कुकुर जसलाई भर्खरै बेचिएको हो, त्यो मंगल हात्तीको अभिन्न साथी थियो।

× × ×

Downloaded from http://dhamma.digital

पाँचदिन पछि । राजदरबारभित्र राजाको खोपिमा ।

"महाराज ! पाँचदिन भइसक्यो मंगल हात्ती खाएको केही छैन । पानी पनि पिउँदैन ।" एक सैनिकले जाहेर गरे ।

"चिन्ता त मलाई पनि लागिसक्यो । के भा'को होला मेरो हात्तीलाई ।" राजाले भने, "मन्त्री, तिम्रो के विचार छ ?"

"खोई, के भन्नु राजन् ? के हात्तीलाई कुनै रोग लागेको जस्तो देखिन्छ ?" मन्त्रीले सोधे ।

"उहुँ ! हात्ती त अति नै हृष्टपुष्ट छ । घाउ चोट लागेको केही देखिन्दैन । न कुनै रोग नै लागेको जस्तो देखिन्छ ।"

"यस्तो त नहुनु पर्ने ।" राजाले टिप्पणी गरे ।

"अति रिसाहा भएछ हात्ती त । खाना दिन जान हिम्मत पनि कसैको छैन अब त । त्यहाँका चार खम्बाहरू पनि तोडिसकेका छन् ।" सैनिकले थपे ।

"सैनिक ! एउटा कुरो भन त । आजको पाँचदिन अगाडि हात्तीसारमा कुनै घटना घटेको थियो ?" मन्त्रीले खोटल्न शुरु गरे ।

सैनिक विचारमग्न भए ।

Downloaded from http://dhamma.digital

"धन्दा मान्नु पर्दैन । नडराइकन भन । जस्तोसुकै सानो घटना किन नहोस्, हामीलाई बताऊ । हामीले सानो ठानेको घटना सायद जनावरलाई ठूलो घटना पो ठहरिए कि !?" मन्त्रीले थपे ।

"एउटा सानो घटना चाहिं भएको थियो, सरकार । त्यो दिन एकजना व्यक्ति आएर त्यहीं हात्तीसारमा सधैं आइराख्ने एक लावारिस कुकुरलाई किनेर लगेको थियो ।" सैनिकले भने ।

"छर्लङ्ग छ नि कुरो ! पक्कै मंगल हात्ती र त्यो कुकुर असाध्यै मिल्ने हुनु पर्दछ । त्यही बिछोडले गर्दा हात्तीको यो हालत भएको हो ।" मन्त्रीले निष्कर्ष निकाले ।

"हुन त हो, त्यतिबेला कतिबेलासम्म त मंगल हात्ती भयंकर आवाजमा कराइराखेका पनि थियो ।" सैनिकले थपे ।

"त्यो कुकुर किनेर लग्ने मान्छे को हो, चिन्छौ त ?" राजाले सोधे ।

"चिन्दिन, महाराज । त्यो मान्छे को हो ? कहाँ बस्छ ?? कसैलाई थाहा छैन ।" सैनिकले जवाफ दिए ।

"उफ् ! अब के गर्ने ल !?" राजाले लामो श्वास हाले ।

× × ×

Downloaded from http://dhamma.digital

धम्म ! धम्म !! धम्म !!!

नगडाको आवाजले वरिपरिका सबै मानिसहरू भेला भए नगडा बजाउनेको चारैतिर। धेरै मानिसहरूको जमात भइसकेपछि नगडा बजाउने सैनिकले आफ्नो ठूलो आवाजमा भने, "वाराणशीका जनताहरू! ब्रह्मदत्त राजाले हुकुम अनुसार चाँडै नै तपाइँहरू सबैको घरमा तलाशी लिइने छ। राजाको हात्तीसारमा आउँदै गर्ने एक अग्लो, कालो र हृष्टपुष्ट कुकुरको खोजि हुँदैछ। जसको घरमा त्यो कुकुर भेट्टिन्छ उसलाई राजदण्ड दिइने छ!"

झ्यालि पिटेर गरिएको राजाको यो घोषणा त्यहीं भिडमा उभिराखने त्यो कुकुरलाई किनेर लग्ने मान्छेले पनि सुनेछ। चारैतिर हेर्दै हतार हतार गर्दै उनी घर फर्के। घर पुग्नासाथ हात्तीसारमा किनेर ल्याएको त्यो कुकुरको डोरी फुकालिदिए। आदताद हुनासाथ त्यो कुकुर बेतोडसंग दौडे राजाको हात्तीसारतिर।

हात्तीसारमा कुकुर पस्नासाथ सैनिकहरू खुशी भए। चहलपहलता बढ्यो। राजा र मन्त्री पनि आइपुगे। कुकुर दौडेर गई सिधै मंगल हात्ती भएको कोठामा पसेको थियो, त्यसैले सबै त्यहीं गए। सबैले देखे--हात्तीको सुँडमा झुण्डेर कुकुरले पिंग खेलिराखेको!

★★★

Downloaded from http://dhamma.digital

यो कथा भगवान् बुद्धले एक बूढो भिक्षु र एक उपासक मित्रतालाई लिएर भन्नुभएको थियो। यसमा बुद्धिमान हुने स्वयं वोधिसत्व थिए।

Dhamma.Digital

Downloaded from http://dhamma.digital

# धर्मकीर्ति प्रकाशन

## ( नेपाल भाषा )

(१) बुद्धया झिंनिगु विपाक
(२) अभिधर्म भाग–१, २
(४) मैत्री भावना
(५) ऋद्धि प्रातिहार्य
(६) योह्म म्ह्याय्
(७) पञ्चनीवरण
(८) बुद्ध धर्म, द्वि. सं.
(९) भावना
(१०) एकताया ताःचा
(११) प्रेमं छु ज्वी ?
(१२) कर्तव्य
(१३) मिखा द्वि. सं.
(१४) बुद्धया अन्तिम यात्रा–१, २
(१६) त्रिरत्न गुण स्मरण तृ. सं.
(१७) परित्राण द्वि. सं.
(१८) कर्म
(१९) प्रार्थना संग्रह द्वि. सं.
(२०) बाखं भाग–१, २, ३, ४, ५
(२५) बोधिसत्व
(२६) शाक्यमुनि बुद्ध
(२७) अनत्त लक्खण सुत्त
(२८) वासेट्ठी थेरी
(२९) धम्म चक्कप्पवत्तन सुत्त
(३०) लक्ष्मी द्यो
(३१) महास्वप्न जातक
(३२) बाखंया फल भाग–१, २
(३४) जातक बाखं द्वि. सं.
(३५) राहुलया उपदेश
(३६) अहिंसाया विजय
(३७) प्रौढ बौद्ध कक्षा
(३८) मूर्खह्म पासा मज्यू
(३९) बुद्धया अर्थनीति
(४०) श्रमण नारद
(४१) क्षान्ति व मैत्री
(४२) उखानया बाखं पुचः
(४३) पालि भाषा अवतरण
(४४) मत्ति भिंसा गति भिनी
(४५) बौद्ध ध्यान भाग–१, २
(४७) हृदय परिवर्तन
(४८) ह्लापांयाह्म गुरु सु ? द्वि.

Downloaded from http://dhamma.digital

(४९) अभिधर्म

(५०) सप्तरत्न धन

(५१) महासति पट्ठान सूत्र

(५२) शान्तिया त्वा:थ

(५३) चरित्र पुच: भाग–१, २

(५५) बुद्ध व शिक्षा

(५६) बौद्ध ध्यान

(५७) किसा गौतमी

(५८) जप पाठ व ध्यान

(५९) लुम्बिनी विपस्सना

(६०) विश्व धर्म प्रचार देशना–१, २

(६२) योगीया चिट्ठी

(६३) जातक माला भाग–१, २

(६५) संक्षिप्त भावना

(६६) महानारद जातक

(६७) पालि प्रवेश भाग–१, २

(६९) चमत्कार

(७०) मणिचूड जातक

(७१) महाजनक जातक

(७२) गृही–विनय तृ. सं.

(७३) बुद्ध-जीवनी

(७४) सर्वज्ञ–१, २

(७६) धम्मपद कविता

(७७) धर्म मर्सानि

(७८) दान

(७९) तेमिय जातक

(८०) वम्मिक सुत्त

(८१) मध्यम मार्ग

(८२) महासीहनादसुत्तं

(८३) भिंम्ह म्ह्याय् व काय्

(८४) भिक्षु जीवन

(८५) भिंम्ह मचा

(८६) विवेक–बुद्धि

(८७) स्वास्थ्य लाभ

(८८) शिक्षा १, २

(९०) दृष्टि व तृष्णा

(९१) विपस्सना ध्यान

(९२) ज्ञंग: लाइह्म लाखे

(९३) सतिपट्ठानभावना

(९४) गौतम बुद्ध

मूल्य २७।–

मुद्रक– नेपाल प्रेस, शुक्रपथ, काठमाडौं । फोन– २२ १० ३२

Downloaded from http://dhamma.digital